# त्यस दिन कलवरीमा

धन्यवाद तपाईलाई, भाई नेभिल।[भाई नेभिलले भन्नुहुन्छ, "तपाईलाई आशिष होस्, भाई!"—सम्पा] तपाईलाई आशिष होस्, भाई नेभिल। तपाईलाई धेरै धन्यवाद।

2 शुभ प्रभात, मित्रहरु। यस विहानीमा, प्रभुको सेवा वचन प्रचार र बिरामीहरुको निम्ति प्रार्थना गर्ने तरिकामा यहाँ मण्डलीमा फेरी पनि हुन पाउनु मेरो निम्ति सौभाग्यको कुरा हो। र यो दिनको लागि म एकदमै आभारी छु।

3 र जसै म यहाँ आउदैथिए, म चकित भएको थिए। एउटा भाई हिडेर माथि आउनुभयो र भन्नुभयो, "म त्यो अयोग्य कुष्टरोगि जस्तो हुन चाहन्न जो निको पारिएका थिए।" उहा भाई राईट हुनुहुन्छ। मैले उहाको निम्ति प्रार्थना गरे, र परमप्रभुले उहालाई पूर्ण रूपमा निको पार्नुभएको छ। र उहा रोएर माथि आउनुभयो, मसंग हात मिलाउन, र यो भन्नुभयो, प्रभुले उहालाई निको पार्नुभएकोले उहा प्रभुलाई धन्यवाद दिन चाहनुहुन्छ। उहा फर्केर धन्यवाद दिन चाहनुहुन्थ्यो। त्यो सबै हराएर गैसक्यो। उहा सिद्धरूपमा ठिक हुनुहुन्छ अहिले। हामी ती गवाहिहरुको निम्ति आभारी छौ।

4 र चार्ली, तपाई र भाई जेफ्रिज, तपाईको इच्छा भए, यहाँ माथि आउनुहोस् र यहाको मेचमा बस्नुहोस्। र तपाईलाई धेरैनै स्वागत छ ताकि तपाईलाई त्यहाँ उभिन नपरोस्। अर्को भाई त्यहा र भाई वूड, मात्र यहाँ माथि आईदिनुहोस्। तपाई...यहाँ एउटा सानो, केहि जोडि मेचमा ठाउ छ यहाँ, ताकि तपाईलाई उभिराख्नु पर्दैन। म विश्वास गर्छु, केहि ठाउ छ यहाँ, र, हो तपाईलाई धेरैनै स्वागत छ यहाँ आएर यी स्थानहरुमा बस्नको निम्ति।

5 हामी हर्षित छौ...म विश्वास गर्छु कि एक पटक यसो भनिएको थियो, "म खुसी भए जब तिनीहरुले मलाई भने..." परमेश्वरले तपाईलाई आशिष दिउन्, भाई। [एउटा भाईले भन्नुहुन्छ, "सधै प्रचारको नजिक हुन मन पर्छ।"—सम्पा] धन्यवाद तपाईलाई। धन्यवाद, धन्यवाद तपाईलाई। "म खुसी भए जब तिनीहरुले मलाई भने, आऔ हामी परमप्रभुको घरमा जाऔ।" प्रभुको घरमा जानु नै इसाईको सौभाग्य र आनन्द हो।

6 वरपर हेर्दा, यो बिहानीमा मेरा धेरै जस्तो मित्रहरुलाई देख्न पाउदा म अति नै यस कुरामा खुसीका साथ दंग परेको छु। म भाई र बहिनी डचलाई यहाँ देख्न पाउदा खुसि छु, जो ओहाईओ बाट हुनुहुन्छ। मैले भाई र बहिनी आर्मस्ट्रोन्ग देखे, ओहाईओबाट हुनुहुन्छ। तपाईहरु सबैलाई पनि परमेश्वरले आशिष दिनुभएकोहोस्। र, ओ, केवल चारैतिर हेर्दा तपाईले कति धेरैजना, यो लगभग उहाहरुको नाम लिन कठिन हुन्छ। बहिनी हूभर, तपाईलाई यस बिहानीमा भित्र देख्न पाउदा हामी खुसि छौ, जो केन्टकीबाट हुनुहुन्छ। र चार्ली र नेल्ली, भाई जेफ्रिज र उहाको परिवार, र धेरै जना हुनुहुन्छ जो यो शहरको बाहिरबाट हुनुहुन्छ।

7 त्यसैले हामीले प्रभुमा महान् समयको अपेक्षा गरेका छौ, यो बिहानीमा, यस अपेक्षाका साथ कि परमेश्वरले हामीलाई यस तरिकामा भेट्नुहुनेछ कि हाम्रो प्राणहरुलाई आशिष दिनुहुनेछ र हामीलाई आवश्यकता भए अनुसारको सेवा गर्नुहुनेछ।

8 र जसै म यो ठाउ भएर हेर्छु, यदि मैले मेरा सबै मित्रहरुलाई यहाँ यहाको आसपास बोलाउछु भने, त्यो बेला बिहानमा सबैभन्दा ज्यादा समय मैले लिएको हुनेछु, भिन्नै भिन्नैको नाम लिनाले। ती सबै मानिसहरुलाई भित्र देख्न पाउदा र भेट्न पाउदा त्यसले मलाई मण्डलीमा फर्किन खुसी बनाउथ्यो।

9 त्यो कस्तो हुनेथ्यो जब हामी स्वर्गमा जानेछौ, र हामी त्यो महान् अनन्तको समयमा त्यहाँ भेट्छौ, अनन्त संगतिमा एकसाथ, परमेश्वरको सिंघासनसंमा, र त्यहि आशिषहरु जुन हामी सबैले खोजेका छौ? हाई, त्यहाँ, हामी उहाको स्वरूपमा बनाईनेछौ, र उहाको प्रतिरूपमा, र उहाको आत्मा हामीमा भएर, उहाको पुरै अनन्तकाल भरि आराधना र सेवा गरेर, र कहिल्यै पनि थकित नभएर।

10 केवल सोच्नुहोस्, त्यहाँ केहि पनि कुरा छैन जुन तपाईले सोच्न सक्नुहुन्छ, जुन तपाईलाई गर्न मन पर्छ, तर जुन तपाईले केहि बार गर्न देखि थाक्नुभएको छ। चार्ली, मलाई लाग्छ तिमी र म लोकरखेको सिकारमा गएका थियौ, त्यो तरिकामा गर्दै थियौ, तर, तिमीलाई थाहा छ, तिमी त्यस्तो गर्नबाट थकित भइसकेको थियौ।

11 र म—मलाई पैदल यात्रा गर्न मन पर्छ, त्यो डाँडाहरुमा गई केवल पैदल यात्रा गर्न मन पर्छ। तर, म थाक्छु कहिलेकाहि, तपाईलाई केहि अरु काम गर्न मन लाग्छ।

12 र मलाई सवारी साधन चलाउन मन लाग्छ। कहिलेकाहि मलाई एक प्रकारको थकाई र चिन्ता, र नशाको किनारको दुखाई जस्तो महसूस हुन्छ। म केवल कारमा गएर बस्छु र त्यसलाई बाहिर निकाल्छु, र स्टेरिंग व्हील पक्डीन्छु, र सडकमा जान्छु, गीत गाउदै, “म कति खुसी छु कि म भन्नसक्छु कि तिनीहरुमध्ये म पनि एक हूँ।” या अरु कुनै गीत गाउछु। मात्र त्यो व्हीललाई समातेर, र गीत गाउदै, र आफ्नो खुट्टा हल्लाउदै, र कराउदै। र, ठिक केहि बेर पछि, म थाक्छु, र म घर फर्किन्छु र केहि अरु काम गर्न थाल्छु।

13 तर जब हामी परमेश्वरको त्यो नया राज्यमा आराधना गर्न थाल्छौ, त्यहाँ कहिल्यै पनि थकानको क्षण हुनेछैन, मात्र—मात्र सधै आशिष हुनेछ, त्यहि नै हुदै जानेछ। तर, पक्कै नै त्यस समयमा हामी परिवर्तन हुनेछौ। हामी अहिले जस्तो छे त्यस्तै रहनेछैनौ। हामी फरक हुनेछौ, त्यो समय अहिलेको भन्दा फरक सृष्टि हुनेछौ। त्यसैले, हामी खुसी छौ।

14 मैले अगी मात्रै सोच्दैथिए। मलाई थाहा छैन कि मैले कहिल्यै यो उद्ध्रीढ गरेको छु वा छैन। भाई, चार्ली, केहि समय अगी, म तल केन्टकीमा उसंग थिए, र उसले भन्यो, “भाई ब्रन्हाम, तपाईलाई लाग्छ, हजार वर्षको राज्यमा तपाई र म लोकरखे सिकारमा हुनेछौ?”

मैले भने, “मलाई लाग्दैन, चार्ली, कि त्यस्तो हुनेछ भनि।”

15 भन्यो, “अ, हामीलाई यो कत्ति मन पर्छ,” भन्यो, “तपाई—तपाईलाई लाग्छ हामीले यहि हजार वर्षको राज्यमा गर्नेछौ भनि?”

मैले भने, "होइन, त्यहाँ हजार वर्षको राज्यमा कुनै हत्याहरु हुनेछैन।"

र उसले भन्यो, "अ, हामीले यसलाई कत्ति मन पराउछौ।"

16 मैले भने, "चार्ली, के हुन्छ यदि मैले तिमीलाई यो विश्वास दिलाए कि एक समय तिमी एउटा सुँगुर थियौ, र तिमीलाई चाहि त्यो भन्दा उच्च प्राणीमा उठाईयो, एउटा मनाव जातिमा? के तिमी कहिल्यै, फर्केर गएर त्यहि सुंगुरको मोजमस्तीमा आनन्द मनाउछौ?"

भन्यो, "अह, मनाउदिन।"

17 मैले भने, "देख्यौ, तिमी सुँगुरभन्दा यति धेरै उच्च हुनेछौ, अब, तिमी एउटा मानव हौ, तिमी अब उप्रान्त कहिल्यै पनि सुँगुर बन्न चाहदैनौ।" मैले भने, "अब त्यसलाई दस हजारौले गुणन गर, त्यहि हो जुन तिमी हुनेछौ जब तिम्रो परिवर्तन हुनेछ यहाबाट जुन तिमी हुनजानेछौ। तिमी कहिल्यै पनि फेरी मानव हुन चाहनेछैनौ।"

18 त्यो सहि हो। त्यो केहि भिन्दै हुनेछ। म कति खुसी छु केवल यो सोच्दामा पनि, यो जानेर कि कुनै दिन हामी यति उच्चमा चड्नेछौ।

19 ठिक छ, अब, यदि प्रभुको इच्छा भए, अर्को आईतबार, जुन लगभग...त्यसपछि म योमिंगमा जानको निम्ति एउटा राम्रो साथीसंग निस्किनेछु, या इदाहो को निम्ति निस्किनेछु, मेरो एउटा असल मित्रसंग, भाई माईनर अर्गनब्राईट, भाई क्यालिट सनमोर, जो इसाई बिजिनेस मेन हुनुहुन्छ।

20 अर्को हप्ता, यो हप्ता पछिको अर्को हप्ता, अहिले; ७औ, म डल्लास, टेक्सासमा हुनपर्नेछ, वोइस अफ हिलिंगमा। र मेरो बोल्ने रात चाहि ७औ हो। र त्यसपछि म फर्किन्छु, इदाहोमा जानको निम्ति, मेरो मित्र अर्गनब्राईट र इसाई बिजिनेस मेनसंग। र हुनसक्छ एक रात मिन्नेपोलिसमा हुनेछौ, त्यहाँबाट छोडेर जानभन्दा पहिला। त्यसपछि एउटा बिहानको खाना हुनेछ इसाई बिजिनेस मेनहरुसंग।

21 प्रभुको इच्छा भए, अर्को आईतबार बिहान फेरी पनि म यस सभाघरमा आउन चाहन्छु, र यदि त्यो प्रभुको अनुमति र इच्छा हो भने। म यो विषयमा बोल्न चाहन्छु *बतासमा बतासे भुमरी*, यदि प्रभुको इच्छा भए। हप्तैभरि यो मेरो हृदयमा थियो।

22 र कुनै बिहानीमा, सबेरै, लगभग बिहानको चार बजे, म उठे अनि मेरो बिचारमा यो आयो, *"त्यस दिन कलवरीमा।"* र म त्यसमा बोल्न चाहन्छु, यो बिहानीमा: त्यस दिन कलवरीमा।

23 र अब यो पढाईमा, हाम्रो बाईबलहरुमा पल्टाऔ, वचनमा, सन्त मत्तीको सुसमाचारमा, २७औ अध्यायमा। र हामी २७औ पदबाट शूरू गर्नेछौ र यसको यत्ति भाग हाम्रो पृष्ठभूमि पाउनको लागि पढ्नेछौ, त्यसपछि हामी ठिक त्यसबाट भएर जानेछौ। र प्रचारको सेवा पश्चात, त्यसपछि हामी बिरामीहरुको निम्ति प्रार्थना गर्न जानेछौ।

24 र, ओ, पछिल्लो पटक यहाँ भएको समय देखि, मात्र फर्काएर ल्याउदै छु, र मेरो नया किसिमको सेवकाईलाई नमूना दिदैछु। मसंग अझ धेरै फर्किएको गवाहिहरु यस सभामा छन् जुन अरूको समयको तुलनामा धेरै छ।

25 त्यहाँ केहि खास छ, कि तपाईले व्यक्तिलाई नै सम्पर्क गर्नुपर्छ, चाहे जतीसुकै अलौकिक देखाए तापनि। तर, हेर्नुहोस्, चंगाई हरेक व्यक्तिको विश्वासमा भर पर्छ। अब, यदि त्यस व्यक्तिमा विश्वास छ भने...

26 र तिनीहरुले यसरी हेर्छन्, पवित्र आत्मा श्रोताहरूमा जान्छन् र भन्छ, "*निश्चित–निश्चित* कुराहरु हुनआउनेछ। र, कि, तिम्रो *यो–र–त्यो* नाउ हो। र तिमी *यो* ठाउबाट आएको हौ। र तिमीले *निश्चित* यो काम गरेको छौ। र यो *यस* तरिकामा हुनेछ।" र सबै कुरा ठिक त्यस्तैनै तरिकामा भएका देख्छन्!

27 यद्धपि, त्यहाँ बसेका हरेकले, माथि हेरेर यो भन्नुपर्दछ, "त्यो परमेश्वर नै हुनुपर्दछ। म मेरो चंगाई स्वीकार गर्दछु।"

28 तर, त्यसको सट्टामा, एक व्यक्तिले भन्छ, "म माथि हात राख्नुहोस् र मेरो निम्ति प्रार्थना गरिदिनुहोस्, ताकि म निको हुनसकू।" तर त्यहि तरिकामा हामीलाई यहाँ अमेरिकामा सिकाईएको छ, र, त्यसरी नै विश्वास गर्न सिकाईएको छ। र त्यो निश्चित रूपमा वचन अनुरुप छ।

29 तर अब हामी पाउछौ कि, अफ्रिका र अरु विभिन्न ठाउहरुमा, मात्र त्यस्तो केहि हुन दिनुहोस्, त्यो पुरै श्रोता एक साथ ठिक्क आईपुग्छ, आफ्नो चंगाई स्वीकार गर्छन्, किनभने तिनीहरुलाई केहि पनि सिकाईएको थिएन। बुझ्नुभयो? तिनीहरुलाई चंगाईको बारेमा समेत सिकाईएको थिएन। र तब जब तिनीहरुले त्यो देख्छन्, तिनीहरुले यो जान्दछन् कि त्यहाँ एउटा परमेश्वर हुनुहुन्छ जो जीवित हुनुहुन्छ। "र यदि उहा जीवित हुनुहुन्छ भने, उहा—उहा सर्वोच्च हुनुहुन्छ, र उहा—उहाले चंगाई गर्नुहुन्छ।" र त्यहि नै काफी छ, किनभने आधार बसाली सकेको छ, जग बसालिसकेको छ, कि उहा एक चंगाईदाता हुनुहुन्छ, र मानिसलाई चंगाई गर्नुहुन्छ। त्यसपछि जब तिनीहरुले उहाको उपस्थितिले उहाको मण्डली मार्फत भएर काम गर्दैहुनुहुन्छ भनि देख्छन्, तब तिनीहरुले भन्छन्, "यसैले काफि छ। त्यहि नै सबथोक हो जुन हामीलाई आवश्यक छ।"

30 तर हामीलाई यो सिकाईयो कि, "बिमारी माथि हात राखिन पर्छ," र त्यस्तै अरु कुराहरु सिकाए। त्यहि नै कारण हो यसले अमेरिकामा प्रभावकारी रूपमा काम गर्दैन।

31 अब, याद गर्नुहोस्, अर्को आईतबार बिहान, प्रभुको इच्छा भए, निश्चित रूपमा भाई नेभिलले घोषणा गर्नुहुनेछ। र...*बतासमा बतासे भुमरी*।

32 अब, मैले तपाईलाई थोरै समय दिएको थिए मात्ति २७ को वचनको पाना पल्टाउनको निम्ति। आउनुहोस्, सन्त मत्तीको सुसमाचारको २७ पद देखि पढ्न शुरू गरौ। अब, आउनुहोस् वचन पढाईमा ध्यान दिएर सुनौ।

*त्यसपछि पिलातसका सैनिकहरूले येशूलाई बडाहाकिमको महलमा ल्याई पुर्याए। सबै सैनिकहरू येशू वरिपरि भेला भए।*

*तिनीहरूले येशूको लुगाफटा उतारिदिए अनि रातो वस्त्र लगाइदिए।*

*तब तिनीहरूले काँडाको मुकुट बनाए र येशूको टाउकोमा पहिरयाइदिए। अनि तिनीहरूले उहाँको दाहिने हातमा एउटा लट्ठी थमाइदिए। त्यसपछि ती*

*सैनिकहरूले येशूको सामन्ने घुँडा टेकेर खिल्ली उडाउन थाले। तिनीहरूले भन्न लागे, "हे यहुदीहरूको राजा हामी तिमीलाई सलाम गर्छौं।" सैनिकहरूले येशूलाई थुकिदिए। अनि उहाँ को लट्ठीले उहाकै टाउकामा हिर्काए।*

*जब तिनीहरूले येशूको खिल्ली उडाइसके तब तिनीहरूले उनको वस्त्र उतारिदिए अनि फेरि उहाँकै वस्त्र लगाइदिए त्यसपछि येशूलाई झुण्डयाएर मार्नलाई लिएर गए।*

*सैनिकहरू येशूलाई लिएर शहरदेखि बाहिर गइरहेका थिए। सैनिकहरूले कुनै एउटा मानिसलाई जबरजस्ती गरेर येशुको क्रूस बोक्न लगाए। साइरेनिमा बस्ने त्यस मानिसको नाम शिमोन थियो।*

*तिनीहरू गलगथा भन्ने ठाउँमा आइपुगे। (गलगथाको अर्थ "खप्परे" हो)।*

*जब तिनीहरू गलगथामा पुगे। सैनिकहरूले, येशूलाई दाखरस पिउन दिए। त्यसमा पीत्त मिसाइएको थियो। येशूले त्यो चाख्नु भयो तर पिउन अस्वीकार गर्नुभयो।*

*तब सैनिकहरूले येशूलाई क्रूसमा टाँगे। त्यसपछि सैनिकहरुले येशूको लुगाफाटा आपसमा बाढनलाई चिट्ठा हाले।*

*तिनीहरूले त्यहाँ बसेर येशूको पहरा दिए।*

*तिनीहरूले येशूको विरुद्धमा लेखिएको एउटा दोष–पत्र उहाँको टाउकोमाथि राखिदिए। त्यसमा "**येशू यहुदीहरूका राजा हुन्**" भन्ने लेखिएको थियो।*

*येशूसँगै दुइजना डाकूहरूलाई पनि क्रुसमा झुण्डयाईएको थियो। एउटा डाकूलाई येशूको दहिनेपट्टि र अर्को डाकूलाई उहाँको देब्रेपट्टि झुण्डयाईएको थिए।*

*आउने जाने मानिसहरूले येशूको निन्दा गर्थे तिनीहरूले टाउँको हल्लाउदै उहाँको निन्दा गर्थे र तिनीहरू यसो भन्थे।*

*"तिमीले नै भनेका हौ" मन्दिर भत्काऊ अनि म तीनदिन भित्रमा मन्दिर फेरि बनाइदिन्छु । अब आफूलाई बचाऊ! क्रूसबाट ओर्ल, यदि तिमी साँचै परमेश्वरको पुत्र हौ भने!"*

*मुख्य पुजाहारीहरू, शास्त्रीहरू, र अग्रज यहूदी प्रधानहरू पनि त्यहीं थिए। ती मानिसहरूले पनि येशूको खिल्ली उडाउन थाले।*

*तिनीहरूले भने, "उनले अरूलाई बचाएका छन्। तर आफैलाई उनले बँचाउन सकेनन्। मानिसहरूका अनुसार उनी नै इस्राएलका राजा हुन्। यदि उनी न इस्राएलका राजा हुन भने, अब उनी आफै क्रूसबाट ओर्लेर आउनु पर्छ। त्यसपछि हामी उनलाई विश्वास गर्नेछौं।"*

*उनले परमेश्वरमाथि विश्वास राखे। यसकारण अब परमेश्वरले नै उनलाई बचाउन्, यदि परमेश्वरले ईच्छा गर्नुहुन्छ भने। उहाँ आफैले भन्नु भएको छ, म नै परमेश्वरको पुत्र हुँ।"*

*अनि त्यसै गरी येशूको छेउमा टाँगिएको डाकूले पनि उहाँका निन्दा गर्यो।*

*मध्यान्ह हुँदा सम्पूर्ण देशमा नै अँध्यारो छायो। यस्तो अन्धकार प्राय तीन घण्टासम्म भइरहयो।*

*प्राय तीन बजेतिर येशू ठूलो स्वरमा कराउनु भयो, "ईलोई, ईलोई, लामा सबखथनी?" यसको अर्थ, "मेरा परमेश्वर मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभयो?" छेउमा उभिरहेका केही मानिसहरूले त्यो सबै सुने। तिनीहरूले भने, "उहाँले एलियालाई बोलाउनु हुँदैछ।"*

*एक्कासि तिनीरूमध्ये एक जनाले झट्टै दगुरेर गई एउटा स्पञ्ज लिएर आयो। त्यसले त्यो स्पञ्ज सिर्काले भरेर एउटा लट्ठीमा बाँधेर राखेको थियो। अनि उसले येशूलाई पिउन दिनका निम्ति त्यस लट्ठीको सहायताले स्पञ्ज उठायो।*

*तर अरू मानिसहरूले भने, "हामी पर्खौं अनि हेरौं उहाँलाई बँचाउन एलिया आउने हुन् कि होइनन्।"*

*येशू फेरि एकपल्ट ठूलो स्वरमा चिच्याउनु भयो। अनि प्राण त्याग्नु भयो।*

*जब येशू मर्नु भयो, मन्दिरको पर्दा आफै दुइ टुक्रा भएर च्यातियो। त्यो टुप्पादेखि फेदसम्म वारपार च्यातियो। एकाएक भूकम्प गयो अनि चट्टानहरू फाटे।*

*चिहानहरू उघ्रिए, अनि परमेश्वरका मरिसकेका धेरै मानिसहरू चिहानबाट बौरी उठे।*

*येशू बौरी उठ्नु भए पछि, ती मानिसहरू चिहानबाट बौरी उठे र ती नगरका थुप्रै मानिसहरूकहाँ देखापरे। सेनाका अधिकारी र येशूलाई पहरा दिने सैनिकहरूले भुँइचालो गएको र अरू घटनाहरू घटेको अनुभव गरे। तिनीहरू खूबै भयभीत भए र तिनीहरूले भने, "साँचै नै उहाँनै परमेश्वरको पुत्र हुनुहुन्थ्यो।"*

33 आउँनुहोस् प्रार्थनाको केहि क्षेणको लागि हामी हाम्रो शिर झुकाऔ।

34 प्रभु, हामी जान्दछौ तपाई नै परमेश्वर हुनुहुन्छ। र यो...यस धार्मिक र पवित्र वचन पढे पछि, हामी अझै पनि देख्न सक्छौ कि तपाईको स्वभाव अझै पनि परिवर्तन भएको छैन। तपाई सधै नै परमेश्वर हुनुहुन्छ। र यस्तो देखिन्थ्यो कि येशूको कुनै पनि मद्धत हुनेवाला थिएन, उहालाई दुष्ट हातहरुमा सुम्पिएको थियो र टुक्रा टुक्रा पारिएको थियो, र उहालाई थुकिएको थियो, र गिल्ला गरिएको थियो, र रगताम्मे अवस्थामा मर्नको निम्ति क्रूसमा टाँगीएको थियो। र यस्तो देखिन्थ्यो कि त्यहाँ कुनै मद्धत थिएन, कहि पनि थिएन,

तबसम्म थिएन जब उहा आफै चिच्याउनुभयो, “मेरो परमेश्वर, मेरो परमेश्वर, तपाईले मलाई किन त्याग्नु भयो?”

35 तर, तपाई त्यो क्षणमा कार्य गर्नुहुन्छ जब कुनै कुराले कार्य गर्न सक्दैन। प्रभु, हामीलाई थाहा गर्न दिईएको छ, कि यदि हामीमा कुनै यस्तो नदि छ जुन हामी तर्न सक्दैनौ, यदि हामीमा यस्तो पहाड छ जसबाट भएर हामी जान सक्दैनौ, परमेश्वर यस्तो कुरा गर्न माहिर हुनुहुन्छ जुन अरु कसैले गर्न सक्दैनन्।

36 तपाई एक विषेसज्ञ हुनुहुन्छ, यस कार्यमा, किनकी तपाई जान्नुहुन्छ कारण त्यस दिन कलवरीको। तपाई, परमेश्वरको नाताले, तपाई एक अनन्त भएकोले, तपाई जान्नुहुन्थ्यो कि यो घडि आउनुनै पर्दथ्यो। तर जब यो पुरा भयो, त्यसपछि तपाईले देखाउनु भयो कि तपाई परमेश्वर हुनुहुन्थ्यो। तपाईले देखाउनुभयो को हाकिम हो भनि। तपाईले पृथ्वीलाई हल्लाउनुभयो र जमिनमा सुतेका सन्तहरु बाहिर निक्ली आए। तपाईले सूर्यलाई रातको जस्तै अध्यारो तूल्याउनु भयो, रातको अन्धकार समान गर्नुभयो, यो देखाउदै कि तपाई नै परमेश्वर हुनुहुन्थ्यो। तर तपाई लामो समय देखि मौन रहनु भएको जस्तो देखिन्थ्यो।

37 हामीलाई यो निष्कर्षमा ल्याउनुहोस् कि जबसम्म हामी आत्मामा भएर, परमेश्वरको हातको अगुवाईद्वारा भएर हिडिरहन्छौ, चाहे जस्तो सुकै कुरा गलत जस्तो देखिएता पनि, हामी कलवरीको सामुने हेर्दैछौ; परमेश्वरले सहि घडिमा, उचित समयमा बोल्नुहुनेछ।

38 अब, पिता, परमेश्वर हामी हाम्रा पापहरु र अपराधहरुको निम्ति क्षमा माग्दछौ। हामीलाई अगुवाई गर्नको निम्ति हामी तपाईको आत्मालाई माग्दछौ। हामीलाई अगुवाई गर्नुहोस्, जसरी ढुकुरले थूमालाई अगुवाई गरेको थियो। आउनुहोस् जस्तोसुकै अवस्था आएता पनि हामी आज्ञाकारी रहौ, यो जानेर कि परमेश्वरले सबै कुरा भलाईको निम्ति गर्नुहुन्छ, र यो जन्नुहोस् कि सबै कुरा ठिक हुनेछ।

39 हामीसंग भईदिनुहोस् यो सेवामा आज। हामी प्रार्थना गर्छौ कि तपाईले तिनीहरुलाई बचाउनु हुनेछ जो बचाईने अवस्थामा छन्, र तपाइको मुक्ति खोजिरहेका छन्। तिनीहरु जसले यो खोजिरहेका छन्, तिमीहरुलाई अनन्त जीवनले भरिपूर्ण पार्नुहोस्। हामी प्रार्थना गर्छौ कि तपाई ती बिरामी र दुखीहरुलाई चंगाई गर्नुहुनेछ जो चंगाई खोजेर आएका छन्। र हामी तपाईलाई त्यसको निम्ति स्तुति गर्नेछौ। हामी यो तपाईको पुत्र, हाम्रो मुक्तिदाता येशू ख्रीष्टको नाउमा माग्दछौ। आमेन।

40 अब, यस बिहानीमा बोल्दैजादा, हामी तपाईको ध्यान यस पाठमा आकर्षण गर्न चाहन्छौ जुन मैले बोल्नको निम्ति चुनेको छु: *त्यस दिन कलवरीमा।*

41 यो यस्तो देखिन्छ कि यो थोरै ऋतुभन्दा बाहिर हुनेछ; यो गुड फ्राई डे मा हुन पर्छभन्दा। कलवरी प्रत्येक दिन स्मरण गरिनु पर्दछ। र हामीले यस विषयमा धेरै पटक सुनिसकेका छौ, धेरै पटक यस विषयमा पढेका छौ। समयको शूरूवात देखि नै प्रचारकहरुले यस विषयमा प्रचार गरेका छन्। गायकहरुले युगौ देखि यस विषयमा गएका छन्। अगमवक्ताहरुले यो हुनुभन्दा चारहजार वर्ष अगाडि देखिनै यस विषयमा भनेका थिए। र आजका दिनका अगमवक्ताहरुले पनि त्यो घटना भएको दिनलाई देखाउछन्। यो एकदमै

महत्वपूर्ण दिन हो! यो ती दिनहरु मध्ये अत्यन्त महत्वपूर्ण दिन हो जुन परमेश्वरले तल पृथ्वीमा राख्नुभएको थियो।

42 र यदि मानवजातिको निम्ति कलवरी यत्ति महत्वपूर्ण दिन हो भने, मलाई लाग्छ हामी यसलाई फर्केर जाच्दा, र यसले हामीमा के अर्थ राख्छ भनि हेर्दा असल हुनेछ। किनकि, म निश्चित छु, कि यस अन्तिम घडि जुन मा हामी जिईरहेका छौ, हामी परमेश्वरको प्रत्येक महत्व खोजिरहेका छौ जुन हामीले थाहा गर्न सक्छौ। र ती सबै जुन हामीले भेट्टाउन सक्छौ, हामी यहाँ सिक्न आएका छौ, यो देख्न कि के चाहि हाम्रो निम्ति हो, र परमेश्वरले हाम्रो निम्ति के गर्नुभएको छ, र यो हेर्न कि के चाहि परमेश्वरले हाम्रो निम्ति गर्छु भनि प्रतिज्ञा गर्नुभएको छ। र त्यहि नै कुरा हो जसको निम्ति हामी मण्डलीमा आउछौ। त्यसैले नै प्रचारकले प्रचार गर्छन्, त्यसैले नै उसले अध्ययन गर्छ र वचनमा मनन, र प्रेरणाको निम्ति खोजि गर्छ, किनभने उ परमेश्वरका मानिसहरुको निम्ति सार्वजनिक दास हो। र उसले केहि यस्तो कुरो थाहा पाउन प्रयास गरिरहेको छ जसले...जुन परमेश्वरले आफ्ना मानिसहरुलाई भन्न पर्नेछ, केहि यस्तो कुरा जसले तिनीहरुलाई मद्धत गर्छ। हुन सक्छ, यसले हुनसक्छ, तिनीहरुको पापमा तिनीहरुलाई दोषि तुल्याउला, तर यो तिनीहरुलाई उचाल्नको निमित्त मद्धत हुनेछ, ताकि तिनीहरुले आफ्नो पाप त्याग्न सकेको होस् र त्यसपछि प्रभुलाई सेवा गर्न उचालेको होस्। र सेवकहरुले यी कुराहरु खोज्नु पर्दछ।

43 र यो दिन, अत्यन्त महत्वपूर्ण भएको हुनाले, महान् दिनहरु मध्ये एउटा भएकोले, आउनुहोस् हामी तिन भिन्न कुरा हेर्नेछौ त्यस दिनले हाम्रो निम्ति के अर्थ राख्छ भनेर। हामीले सयौ कुराहरु लिन सक्छौ। तर, यो बिहानीमा, मैले मात्र तीनवटा कुरा चुनेको छु, महत्वपूर्ण कुराहरु जुन हामी आउने केहि क्षणसम्मको लागि त्यस कलवरीले हाम्रो निम्ति के अर्थ राख्छ भनि हेर्न चाहेका छौ। र म प्रार्थना गर्छु कि त्यसले यहाँ उपस्थित प्रत्येक पापीलाई दोषी ठहर्याउने छ; यसले प्रत्येक सन्तलाई आफ्नो घुडा टेक्ने बनाउने छ त्यसले प्रत्येक बिरामी व्यक्तिलाई आफ्नो विश्वास परमेश्वर प्रति उचाल्ने खालको बनाउनेछ, र निको भई जानेछ; प्रत्येक पापी बचाईनेछ, प्रत्येक विश्वासमा पछि हटेकाहरु फेरी फर्केर आउनेछन्, र आफैमा लज्जित हुनेछन्; र प्रत्येक सन्त आनन्दित हुनेछन् र नया पकड र नया आशा लिनेछन्।

44 एउटा महान् महत्वपूर्ण कुरा जुन कलवरी हाम्रो निम्ति र संसारको निम्ति अर्थपूर्ण छ, कि यसले पापको प्रश्न एकचोटी सदाको लागि सुल्झाईदिएको छ। मानिस पापको दोषि पाईएको थियो। र पाप यस्तो एउटा दण्ड थियो जुन कुनै पनि मानिसले मूल्य चुकाउन सक्दैन थियो। दण्ड यति भयङ्कर थियो कि कसैले पनि दण्डको मूल्य चुकाउन सक्दैन थियो। म साचो रूपमा विश्वास गर्छु कि परमेश्वरले त्यहि रूपमा नियुक्त गर्नुभएको थियो, कि दण्ड यति ठूलो हुनेछ कि कुनै पनि मानिसले त्यसको मूल्य तिर्न सक्ने थिएन, ताकि उहा स्वयमले मात्र त्यो तिर्न सकोस्। अब, पापको दण्ड मृत्यु थियो। र हामी सबै जना पापमा जन्मियौ, अधर्मी भई आयौ, संसारमा झुट बोल्दै आयौ। त्यसैले त्यहाँ हामी मध्ये कोहि पनि थिएन जो योग्यको थियो, वा, तिनीहरुले संसारमा कोहि पनि योग्यको भेट्टाएनन्।

45 र पाप संसारमा शूरू भएको होइन। पाप स्वर्गमा शूरू भयो। लूसी–...लुसिफर, दुष्ट, पृथ्वीमा फालिनुभन्दा पहिले आफ्नो अनाज्ञाकारिताले एउटा दण्डित सृष्टि थियो। पाप स्वर्गमा शूरू भयो, जहाँ परमेश्वरको स्वर्गदूतहरु र त्यस्तै राख्नु भएको थियो, र त्यहि आधारमा उहाले मानवजातिलाई राख्नुभयो; ज्ञान, ज्ञानको रूख, जीवनको रूख र ज्ञानको रूख, जहाँ मानिसले आफ्नो चुनाव चुन्न सक्थ्यो। र जब लुसिफरलाई आफ्नो इच्छा अनुसार चुन्नलाई प्रभुत्व दिईएको थियो, त्यसले परमेश्वरसंग भएको भन्दा राम्रो चिज खोज्यो। त्यसले समस्या शूरू गर्यो।

46 र त्यहा पापको निम्ति एउटा मूल्य थियो। त्यो मूल्य मृत्यु थियो। मृत्यु दण्ड थियो। र, त्यो, हामी यसको ठूलो विष्तृत रूपमा जान सक्छौ, किनभने म विश्वास गर्दिन कि त्यहाँ एउटा मृत्यु बाहेक अर्को केहि छ भनेर। त्यहाँ एउटा जीवन छ। र म विश्वास गर्छु कि एउटा मानिस जोसंग अनन्त जीवन छ त्यो कहिल्यै पनि मर्न सक्दैन। र म विश्वास गर्छु कि त्यहाँ त्यो प्राणको निम्ति पूर्ण विनाश छ जसले पाप गर्दछ, किनकि बाईबलले भन्दछ, "त्यो प्राण जसले पाप गर्दछ, त्यो निश्चयनै मर्नेछ।" मानिस होइन; "त्यो *प्राण* जसले पाप गर्दछ।" त्यसैले, शैतान निश्चय नै पूर्ण रूपले नाश हुनको निम्ति मर्नेनै छ। कतिसम्म म युनिभर्सलिस्टको भनाईसंग असहमत छु जसले शैतान बचाईने छ भन्छन्! त्यसले उसले पाप गर्यो, र उ नै पापको शूरुवातकर्ता हो। र उसको प्राणले पाप गर्यो; र उ एउटा आत्मा थियो। त्यो आत्मा पूर्णरूपले विनाश गरिनेछ, त्यसको केहि पनि बाकि नरहने गरी।

47 र प्रारम्भमा जब पापले पृथ्वीलाई प्रहार गर्यो, स्वर्गबाट एउटा कालो धातुको पाता खसे जस्तो, त्यसले अक्षरस पृथ्वीलाई पक्षाघात गरायो। त्यसले प्रत्येक सृष्टिलाई पृथ्वीमा फालिदियो, र परमेश्वरका सबै सृष्टिलाई बन्धनमा पारिदियो। मानिस मृत्यु, बिमारी, समस्या, दुखको बन्धन मुनि पुग्यो। सबै प्रकृति त्यसै संग गिर्यो। पाप एउटा संवेदनाहारी थियो त्यसले वास्तवमै पृथ्वीलाई पक्षाघात गरिदियो। र त्यसपछि हामी यहाँ आशा बिहिन भई बसेका थियौ, किनकी प्रत्येक सृष्टि त्यसको अधिनमा थियो। र पृथ्वीमा जन्मने हरेक त्यसको अधिनमा थियो।

48 त्यसैले, यो यस्तो एउटा स्थानबाट आउनुपर्थ्यो जहाँ कुनै पाप थिएन। यो पृथ्वीबाट आउन सक्दैनथ्यो। हामी मध्ये एकले अर्कोलाई उद्धार गर्न सक्दैनौ। यो अर्कोबाट आउनुपर्थ्यो।

49 त्यसैले, जब मानिसले यो थाहा पाए कि उ आफ्नो परमेश्वरबाट अलग पारियो, उ डुलुवा भयो। तिनीहरु रोए। तिनीहरु कराए। तिनीहरुले विलाप गरे। तिनीहरु पर्वतहरुबाट भएर र मरुभूमिहरुबाट भएर भौतारी रह्यो, त्यो शहर खोज्दै जसको निर्माणकर्ता र सृजनाहार परमेश्वर हुनुहुन्थ्यो। किनकी मानिसले जानेको थियो कि यदि उ परमेश्वरको उपस्थितिसम्म पुग्न मात्र सके, उसले उहासंग बोल्न सक्ने थियो। तर त्यहाँ कुनै पनि बाटो थिएन। उ कहिँ हराएको अवस्थामा थियो। उसलाई थाहा थिएन कुन बाटो तर्फ फर्कने, त्यसैले उ मात्र आफ्नै बाटो भई भौतारियो, कुनै ठाउ पत्ता लगाउन ताकि उ त्यो स्थानमा फेरी फर्किन बाटो पाउन सकोस्। उ भित्र भएको केहि कुराले उसलाई भन्यो कि

उ एउटा—एउटा स्थानबाट आएको थियो जुन सिद्ध थियो। यस बिहानीमा त्यहाँ एउटा पनि यस्तो व्यक्ति छैन यो देखिएको दर्शकहरुमा वा चुम्बकीय टेपका श्रोताहरुमा, जुन यो सारा संसारभरी जान्छ, यहाँ कोहि पनि त्यस्तो छैन, या कहिँ पनि ठाउमा, जसले सिद्धतामा खोज्दछ।

50 तपाईले तपाईको बिल तिरिएको पाउनुहुन्छ, तपाईले सोच्नुहुन्छ, “यसले सबै कुरा चुक्ता गर्यो।” जब तपाईले तपाईको बिल भुक्तान गरिएको पाउनुहुन्छ, त्यसपछि तपाईको परिवारमा कोहि बिमार भएको हुन्छ। जब बिमार सबै ठिक भैसकेको हुन्छ, त्यसपछि तपाईले अझै धेरै बिल तिर्न पर्ने हुन्छ। प्रथम कुरा तपाई यो जान्नुहुन्छ, तपाईको कपाल खैरो हुदै गएको छ, र तब तपाई फेरी फर्केर जवान हुन चाहनुहुन्छ। र त्यहाँ निरन्तर हर समयमा त्यस्तो केहि हुन्छ, र किनभने त्यो पापको तरङ्गले हुन्छ। तर तपाईको हृदयमा, किनभने तपाईले त्यहि खोज्नुहुन्छ, त्यसले देखाउछ कि त्यहाँ एउटा ठाउ छ जहाँ सिद्धता छ। कुनै एउटा ठाउमा, त्यहाँ केहि छ।

51 त्यहि नै कारण हो, धेरै पटक, आजको दिनसम्म, पापीहरुले अझै पनि यस विषयमा भौतारीरहन्छ। एउटा सुन्दर, जवान युवती लोकप्रिय हुनको निम्ति उसको कपालको ताला काटिदिन्छ; अझै सुन्दर बन्नको निमित्त मुहार रंग्याउछ; उसलाई त्यस्तै देखाऊनको निमित्त त्यस्ता लुगा लगाउछ। किनभने, त्यो मात्रै यस्तो कुरा हो जुन उसले पाउन सक्छ, फेरी फर्केर आउनको निम्ति कतै न कतै केहि खोज्ने कोशिष गर्न सक्छे, जब उसले पुरूषले उनलाई सिट्टी बजाउन सक्ने बनाउन सक्छे भने, उनी प्रति मस्किने, र उनी प्रति जिस्काउने बनाउन सक्छे। जवान युवाले पनि स्त्रीप्रति त्यहि गर्नेछ, उनी प्रति आफैलाई आकर्षक बनाउन खोज्छ। छिमेकिहरुले एउटा घर निर्माण गर्छ, र त्यसलाई एउटा निश्चित प्रकारमा रुप दिन्छ, किनभने त्यो उसको छिमेकिको भन्दा केहि राम्रो देखिनेछ। यो हरेक समय, आ, हामी केहि कुराको खोजि गरिरहेका हुन्छौ, र केहि कुरा थोरै पहिलेको भन्दा केवल माथि माथि जान्छ। एउटा जवान युवतीले अर्को जवान युवती उनीभन्दा केहि लोकप्रिय भेट्टाउछे। छिमेकिले उसको भन्दा केहि राम्रो अर्केको घर भेट्टाउछ। एउटा स्त्रीले उनले लगाएको भन्दा राम्रो देखिने केहि निश्चित तरिकाले लुगा लगाएको पाउछे।

52 यो हामी भित्र केहि छ, जसले केहि खोजिरहेको छ, र यसले देखाउछ कि हामी हराएका छौ। हामी त्यो केहि पाउन चाहन्छौ जसले हामीलाई त्यो सन्तुष्टिमा ल्याउनेछ, जसले हाम्रो भोकको खालि ठाउ भरिदिनेछ, तर यस्तो देखिन्छ कि हामीले त्यो पाउन सक्दैनौ। मानव जातिले यो युगौदेखि कोशिष गरेको थियो। तिनीहरु यसको लागि रोएका थिए। तिनीहरु कराए। तिनीहरुले ती सबै गरेर हेरे जुन तिनीहरुले गर्न जानेका थिए, तर अझै पनि तिनीहरुले पत्ता लगाउन सकेनन्, संसारमा भएर भौतारीरहे।

53 अन्ततः एक दिन, त्यो त्यस कलवरीको दिन थियो, त्यहाँ एकजना जो महिमाबाट तल आएका थिए। एकजना, येशू ख्रीष्टको नाउमा, परमेश्वरको पूत्र, जो महिमाबाट आउनुभएको थियो, र कलवारी बन्यो। त्यहि नै दिन थियो जुन दिन मूल्य तिरिएको थियो, र सदाको लागि पापको प्रश्न सुल्टाईएको थियो। र त्यसको लागि त्यो बाटो खोलिदियो जुन कुराहरुको निम्ति हामी भोको र तृषित थियौ। त्यसले त्यो सन्तुष्टिको स्थान ल्याईदियो। त्यहाँ कुनै

पनि मानिस छैन जो कहिल्यै त्यो कलवरीमा गएको छ, र जुन प्रकारले त्यो हेरिएको छैन, जुन रूपमा थियो। सबैकुरा जुन उहाले जहिल्यै इच्छा गरेको थियो या चाहेको थियो, त्यो पुरा गरियो, जब उहा त्यो स्थानमा पुग्नुभयो।

54 त्यो अत्यन्त महत्वपूर्ण दिन थियो, र यति महत्वपूर्ण चिज थियो, त्यसले संसारलाई हल्लाईदियो। त्यसले संसारलाई यसरी हल्लाईदियो, जस्तो कि त्यो पहिले कहिल्यै हल्लेको थिएन। जब येशू कलवरीमा मर्नुभयो र पापको प्रश्नलाइ मूल्य चुक्ता गर्नुभयो, यो पापमय संसारमा अन्धकार छायो। मध्य दिनमा नै सूर्यले आफ्नो उज्यालो दिन छोड्यो, त्यसमा भयको रोग थियो। र चट्टान काम्यो, पहाड चिरा पर्यो, र मूर्दा शरीर चिहानबाट बाहिर उछिट्टीयो।

55 त्यसले के गर्यो? परमेश्वरले कलवरीमा शून्य तुल्याउनुभयो। उहाले त्यो शैतान भनिने पशूलाई सदाको निम्ति घाईते बनाउनुभयो। अब त्यो त्यस दिन देखि झन् बढी क्रोधित भएको छ, किनभने त्यसले मानव जातिमा ज्योति ल्याएको छ। र कसैलाई थाहा छ कि एउटा घायल जनावर उसको सबैभन्दा भिषण हो, उसको टुटेको ढाडले घिसृन्छ। अब, शैतान कलवरीमा पराजित पारिएको थियो। पृथ्वीले त्यो त्यसरी प्रमाणित गर्यो।

56 सबै भन्दा ठूलो मूल्य चुक्ता गरेको थियो, र मात्र एकजना जसले त्यो तिर्न सक्थ्यो, उहा आउनुभयो र त्यो कलवरीमा पूरा गर्नुभयो। त्यहि नै हो जहाँ सबैभन्दा ठूलो मूल्य चुक्ता गरियो। त्यो कुराहरु मध्य एउटा थियो। त्यो परमेश्वरले खोज्नुभएको थियो। कुनै मानिस योग्यको थिएन। कुनै मानिस सक्षम थिएन। कुनै मानिसले त्यो गर्न सक्दैन थियो। र परमेश्वर आफै आउनुभयो, र मानिस बन्नुभयो, र मानव जीवन जिउनुभयो, मानिसको आकांक्षा भित्र रहनुभयो, र कलवरीमा क्रूसमा टाँगिनुभयो। र त्यहाँ, जब शैतानले सोच्यो कि उहाले यो गर्नुहुन्न, उहा त्यसबाट भएर जानुहुन्न, उहा गेतसेमनीबाट र सबै ती परीक्षाबाट भएर जानुभयो जुन भएर अरु मानिस कहिल्यै जानुपरेको थिएन। उहा त्यसबाट भएर जानुभयो जसरी अरु मानिसहरु पनि गएको छ, तर उहाले चाहि मूल्य चुक्ता गर्नुभयो।

57 र त्यहि हो जसले संसारलाई अन्धकार बनायो। शैल्यक्रिया गर्नलाई बेहोस बनाउने औषधि जस्तो। जब एउटा बैद्यले रोगीलाई बेहोस बनाउने औषधि दिन्छ, उसले त्यसो गर्नुभन्दा अगाडि पहिला रोगीलाई हल्लाउछ। र जब परमेश्वरले मण्डलीलाई शैल्यक्रिया दिदैहुनुहुन्थ्यो, संसारलाई बेहोस पार्ने औषधि दिनुभयो, र प्रकृतिले स्वभाव बटार्यो। कुनै आश्चर्य छैन! कि परमेश्वर, मानव शरीरमा मर्दै हुनुहुन्थ्यो। त्यो नै यस्तो घडि थियो जुन संसारले हेर्दै थियो, तरै पनि धेरै जनाले त्यो थाहा पाएका थिएनन्।

58 जस्तो आजको दिनमा छ, धेरैले यी कुराहरुमा हेरेका छन्, र पनि तिनीहरुले ती कुराहरुलाई चिन्दैनन्। तिनीहरुले यी कुराबाट केहि बुझ्दैनन्। तिनीहरुले अझै पनि मोजमस्तीहरु र संसारका कुराहरु नै खोजिरहन्छन्, त्यसबाट आफ्नो बाटो पाउन खोज्छन्।

59 त्यहाँ धेरै कैयौ संकेत–पत्र थियो जसले त्यो दिनलाई दर्शाउथ्यो, धेरै महान् छायाको रूपमा थियो। यसलाई थूमाले, गोरू, ढुकुर, र यी सबै कुराहरुद्वारा छायाको रूपमा

देखाएको थियो, तरै पनि यसले केहि तोड्न सकेन। त्यसले त्यो मृत्युको पकडलाई तोड्न सकेन, जहाँ शैतानले पृथ्वीमा राखेको छ।

60 त्यहि चट्टान जहाँ त्यो एकसमय हिडेको थियो, पृथ्वीको तल र माथि, जलिरहेको गन्धकमा! लुसिफर बिहानीको पूत्र थियो, र त्यो एकसमय पृथ्वीमा हिडेको थियो जब त्यो जलिरहेको ज्वालामुखी थियो। ठिक त्यहि चट्टान त्यो चिसिएको थियो, जब येशू कलवरीमा मर्नुभयो, पृथ्वीबाट धूवा निक्लिआएको थियो।

61 त्यो मूल्य जुन चुक्ता गरियो, र शैतानको बन्धन तोडियो। परमेश्वरले फेरी पनि मानिसको हातमा राखिदिनुभयो, त्यो पहिलेको अवस्थामा जुन मानिसले खोजिरहेको थियो। अब उप्रान्त उसले रुनु पर्ने छैन। हान्नुभयो, जब उहाले शैतानको मेरूदण्ड, पापको मेरूदण्ड, बिमारी! त्यो कलवरीमा भाच्नुभयो, र यसले पृथ्वीको सबै मरणशील जातिलाई परमेश्वरको उपस्थितिमा पापको क्षमा सहित फर्कायो। हल्लेलुयाह! हाम्रा पापहरु क्षमा दिईएको छ। अब कत्ति पनि शैतानले हामीलाई परमेश्वरबाट टाडा अध्यारोमा लानेछैन।

62 त्यहाँ एउटा राजमार्ग बनाईएको छ। त्यहाँ एउटा टेलीफोन राखिएको छ। त्यहाँ महिमासम्म जाने एउटा लाईन छ, जसले हरेक व्यक्तिलाई त्यो लाईनसम्म जाने बनाउछ। यदि एउटा मानिस पापले भरिपूर्ण छ भने, त्यसले केन्द्रियसम्म जोड्छ। उसलाई त्यो पापबाट क्षमा गरिन सकिन्छ। र त्यो मात्रै होइन, तर त्यो पापको मूल्य तिरिएको छ। ओ, तपाई भन्नुपर्दैन कि, “म योग्यको छुईन भनि।” पक्कै पनि तपाई योग्यको हुनुहुन्न, न त तपाई कहिल्यै हुनसक्नुहुनेछ। तर जो योग्यको हुनुहुन्छ उहाले तपाईको स्थान लिनुभयो। तपाई स्वतन्त्र हुनुहुन्छ। तपाई अब कत्ति पनि भौतारीनु पर्दैन। तपाई त्यहाँ दुनियामा त्यो मोजमस्ती खोज्ने मानिस हुनुपर्दैन।

त्यहा रगतले भरिएको मुहान छ,<br>
जुन इम्मनुएलको नशाबाट झरेको छ,<br>
जब पापीहरु बाढीको मुनि डुब्छन्,<br>
तिनीहरुको सबै दोषको कलंक हराउदछ,

63 तपाई हराईनु पर्दैन। त्यहाँ एउटा राजमार्ग छ. र एउटा बाटो छ, र त्यसलाई पवित्रताको बाटो भनिन्छ। असुद्ध त्यहाँबाट भएर जानसक्दैन। किनकि, पहिलो उहा मूलबाट भएर आउनुहुन्छ, र त्यसपछि उहा राजमार्गमा प्रवेश गर्नुहुन्छ।

64 उहाले शैतानको शक्तिलाई तोड्नुभयो। यस पृथ्वीमा उहाले नरकको ढोका ती सबै थूनिएकाहरुको निम्ति खोल्नुभयो, तिनीहरुको निम्ति जो बन्दिगृहमा मृत्युको डर मानिरहेका थिए जब मृत्यु आउनेछ उनको निम्ति के हुनेछ भनि भय मानिरहेका थिए। कलवरीमा उहाले ती बन्दिगृहका ढोकाहरु खोलिदिनुभयो, सबै कैदिलाई स्वतन्त्र छोडिदिनुभयो। तपाई अब उप्रान्त पापद्वारा चेपिनु पर्दैन। तपाईले अब तपाईको सदस्यहरुको पाप, मदिरा पान, धुम्रपान, जुवातास, झुटो बोल्नु प्रति झुक्न पर्दैन। तपाई इमान्दार, बसी अझै सिधा हुनसक्नुहुन्छ। र शैतानले त्यस विषयमा केहि गर्न सक्दैन। किनभने तपाईको त्यस लाईनमा पकड छ, एउटा जीवन लाईन जुन युगौ देखिको चट्टानमा

स्थिर रहन्छ। तपाईलाई त्यसबाट केहिले हल्लाउन सक्दैन। कुनै बतासले तपाईलाई हल्लाउन सक्दैन। कहिले सक्दैन, मृत्यु आफैले पनि परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्दैन जुन ख्रीष्ट येशू भित्र छ। त्यहि नै कलवरीको अर्थ हो।

65 मानिसहरु जो बन्धनमा थिए ती सबै स्वतन्त्र छोडिए। मानिसहरु जो मृत्युको भय मूनी थिए अब तिनीहरु मृत्युको डर मान्नु पर्दैन। एउटा मानिस जो त्यो एउटा शहरको चाह गर्दछ, जसको निर्माणकर्ता र सृजनाहार परमेश्वर हुनुहुन्छ, उसले त्यो राजमार्गमा कदम राख्न सक्दछ, र आफ्नो मुहार स्वर्ग तर्फ राख्न सक्दछ, किनभने उ स्वतन्त्र छ। हल्लेलुयाह! उसको उद्धार भएको छ। उ अब कत्ति पनि भौतारिनु पर्दैन, किनकि त्यहाँ तपाई सहि हुनुहुन्छ या हुनुहुन्न भनि जान्ने तरिका छ। परमेश्वरले हामीलाई जीवन दिनुहुन्छ। हाम्रो पापहरु गैसकेको छ। त्यस दिन कलवरीमा मूल्य चुक्ता गरिसकेको छ। जब हामी ती सबै देख्छौ, कविले लेखेका कुरामा कुनै आश्चर्य लाग्दैन:

मध्य फाँटेक चट्टानहरु र अन्धकार छाएको आकाश
मेरो मुक्तिदाताले शिर झुकाई मर्नुभयो
खुल्दै गरेको घुम्टोले मार्ग प्रकट गरिदियो
स्वर्गका आनन्दहरु र अन्त्य रहित दिनहरुको

66 अब्राहाम त्यो राष्ट्रमा भएर शहरलाई खोज्दै भौतारिन पर्दैन थियो। पापीहरु अब उप्रान्त भौतारिन पर्दैन, चाहे उ बचाईन सक्छ या सक्दैन। बिमारी मानिसले भौतारिन पर्दैन चाहे उ निको होस् या नहोस्। त्यो खुल्दै गरेको घुम्टोले, त्यस दिन कलवरीमा, पूर्ण विजयको प्रकाश दिदैथियो। परमेश्वरले उहाको आत्माको शक्ति हामीलाई दिनुभयो, यी सबै कुराहरु माथि विजयी भई जिउनलाई, हामीलाई मात्र विश्वास गर्नको निम्ति भन्नुभयो। त्यो त्यस दिन कलवरीमा भयो। त्यहाँ कुनै पनि त्यस्तो दिन थिएन। त्यहाँ कहिल्यै पनि त्यस्तो दिन हुनेछैन। त्यो अब उप्रान्त आवश्यक छैन। मूल्य चुकाईसकेको छ, र हामी सबैको उद्धार गरिएको छ। परमेश्वरलाई धन्यवाद! हाम्रो उद्धार गरिएको छ। तपाईले त्यसको विषयमा अब भौतारिनु पर्दैन। अब यसको विषयमा कुनै पनि अन्दाज गरिनु पर्दैन। त्यो सबै टाढा लगिएको छ। त्यस घुम्टोले वापस पर्दा तानिदिएको छ, र हामीहरु राजमार्ग स्थित बसेका छौ, अब कहिँ भौतारिनु छैन, तर मात्र विश्वास गरी हिड्नुछ। हामी ठिक परमेश्वरको उपस्थितिमा हिड्छौ।

67 अब्राहामले थाहा पाएका थिए, र अन्य अरुले थाहा पाएका थिए, कि जब तिनीहरुले त्यस शहरलाई खोज्दै थिए, तिनीहरुले थाहा पाएका थिए कि तिनीहरु कुनै अर्कै ठाउका हुन्। केहि घटना भएको थियो। तिनीहरु पक्षाघात भएका पृथ्वीमा बाचिरहेका थिए। भूकम्प आयो। हूरी बतास आयो। युद्ध र हत्याहरु! ब्वासो र भेडालाई एकअर्कामा खुराक बनाईयो, वा भेडा ब्वासोलाई खुवाईयो, र सिंहले गोरुलाई खायो। त्यो सहि देखिदैन। त्यहाँ केहि खराबी छ। उनले थाहा पाएका थिए त्यहाँ केहि गलत छ भनेर। मानिसहरु र भाईले भाईलाई मारेको छ; पिताले छोरालाई मारेको छ, छोराले पितालाई मारेको छ। त्यहाँ केहि गलत छ। उनी बुढो हुदै गएको छ। उनी मार्दै छ। उनी ओइलाउदै जादै छ। बिमारी उ माथि छ। उनी बन्धनमा छ। वृक्ष त हुर्किन्छ तर अमर छैन। तिनीहरु मर्छन्। डाँडाहरु बदलिन्छ।

समुन्द्र सुकेर जान्छ। पानी सक्किदै जान्छ। त्यहाँ केहि गलत छ। मर्छन्। र उनले एउटा यस्तो ठाउ देख्यो, एउटा यस्तो शहर जहाँ त्यस्तो केहि पनि हुदैन। उनले जानेका थिए, यदि उनी कहिल्यै त्यो एकजनाको उपस्थितिमा पुग्न सके जसले यी सबै सहि बनाउनुभयो, उनले उहासंग बोल्न सक्ने थिए।

68 ओ, कस्तो शौभाग्यको पापी छौ, यस बिहानीमा, यो जान्दा कि तपाईले अब बाटो पाउनुभएको छ। त्यस दिन कलवरीमा बाटो खोलियो। ती सबै जो पूर्खाहरुले खोज्दै थिए र देखेका थिए, कलवरीले तपाईलाई त्यो सित्तैमा दिएको छ। तपाईले कसरी त्यसलाई इन्कार गर्न सक्नुहुन्छ? कसरी त्यो नामधारी संगठित मण्डलीमा शामिल हुनको निम्ति त्यसलाई ठुक्राउनुहुन्छ? कसरी तपाईले संसारको मोजमस्तीको सट्टामा त्यसलाई ठुक्राउन सक्नुहुन्छ? किन त्यसलाई स्वीकार नगर्ने? त्यो खुल्दै गरेको पर्दाले एउटा मानिसलाई ठिक पर्मेश्वरको उपस्थितिमा कुनै पनि पाप र त्यसको कुनै पनि किसिम रहितमा फर्काएर ल्याउछ। र त्यो बाटो उसको अगाडि तयार पारिदिन्छ, ती कुराहरुको निम्ति जुन उसले खोजिरको छ: स्वर्ग, महिमा, शान्ति, अनन्त जीवन, सबै कुरा उसको अगाडि हुन्छ।

69 त्यो दिन शैतानको शक्तिको लागि मृत्युको झट्का थियो। त्यसले सबै कुरा समाप्त गरिदियो।

70 र मैले उहालाई त्यहाँ देख्न सक्छु; उहा अदनको थूमा हुनुहुन्थ्यो, त्यहि नै सबैभन्दा प्रथम संकेत जुन त्यसबाट आयो।

71 जब हाबिल, विश्वासद्धारा, उनले परमेश्वरलाई कैनले भन्दा अझै उत्तम बलिदान चढाए, उनले थूमाको गर्दनको वरिपरी दाख बाधीदिएको हुनुपर्छ, र चट्टानमा तानेर ल्याएका थिए। एउटा—एउटा पत्थर हातमा लिए एउटा भालाको निम्ति, र उसको सानो शिर तान्यो, र उसको घाटि काटिदियो जबसम्म त्यो मरेन। र उसको ऊन आफ्नै रगतमा धोईयो। उसको रगतमा उ रगताम्मे भयो। त्यो एउटा छायाको रूपमा थियो।

72 तर त्यो दिन कलवरीमा त्यहाँ यस पृथ्वीमा कुनै थूमा थिएन, तर त्यो परमेश्वरको थूमा थियो, जो मर्दै थियो, आफ्नै रगतमा रगताम्मे हुनुभएको थियो। उहालाई काटियो, र छेडियो, र पिटियो, र थुकियो, र लज्जित पारियो, र मारियो, र सबैथोक गरियो संसारद्धारा, र रगत उहाको शरीरको भागबाट थोपा–थोपा चुहिरहेको थियो।

73 जब हाबिलको थूमा मर्यो, त्यो भाषा बोल्दै मर्यो जुन हाबिलले बुझ्नसक्दैन थियो। त्यो कराउदै थियो।

74 र जब परमेश्वरको थूमा त्यस दिन मर्नुभयो, उहाले यस्तो भाषामा बोल्नुभयो जुन कसैले पनि बुझ्न सकेनन्। "मेरो परमेश्वर, मेरो परमेश्वर किन तपाईले मलाई त्याग्नु भयो?" त्यो परमेश्वरको थूमा थियो, टुक्रा–टुक्रामा काटिएको, छेडिएको।

75 उहा त्यहि नै थूमा थियो जुन हाबिलको मष्तिस्कमा त्यसबेला थियो, जब उनले स्त्रीको प्रतिज्ञाको सन्तान देखेका थिए। उहा त्यहि नै थूमा हुनुहुन्थ्यो जुन दनिएलले देखेका थिए, जुन एउटा पहाडबाट ढुंगा काटिएको थियो, तर मानिसको हातबाट थिएन। उहानै

त्यो चक्काको बिचको चक्का हुनुहुन्थ्यो अगमवक्ताहरुको निम्ति। ती सबै जुन तिनीहरुले भविष्यवाणी गरेका थिए ती सबै त्यस कलवरीको दिनमा पूरा हुन आयो। त्यसले महान् कुरा भित्र ल्यायो। त्यसले शैतानको ढाढ भाचिदियो।

76 पहिलो त, हामीले त्यस दिनको अर्थ के हो भनि खोज्नुपर्दछ। दोस्रो, त्यो दिनले हाम्रो निम्ति के गर्यो भनि हेर्नुपर्दछ, अहिले, त्यसले हाम्रो निम्ति के गर्यो। अब म तेस्रो, आउनुहोस् हेरौ त्यस दिनको लागि हामीले के गर्नुपर्दछ। हामीले के गर्नुपर्छ त्यसको लागि?

77 पहिलो त, हामीले त्यसमा हेर्नुपर्छ, त्यो महान् दिनको लागि, सबै दिनहरु मध्येको सबसे ठूलो दिन। पापको मूल्य सुल्टाईएको थियो। शैतानको शक्ति तोडीदिएको थियो।

78 र अब त्यसको बापतमा हामीले के गर्नुपर्छ भनि हामी हेर्न चाहन्छौ। अब, जब येशू कलवरीमा मर्नुभयो त्यसको वापतमा, त्यस दिन कलवारीमा, उहाले हाम्रो पापको निम्ति मूल्य मात्रै तिर्नुभएन, तर उहाले मूल्य पनि तिर्नुभयो र हामीले उहालाई पछ्याउन सक्नको लागि बाटो पनि बनाईदिनुभयो; किनकि हामी, जसरी पापमा गिरेको आदमको उद्धार गरियो। जसरी आदमलाई आत्माले डोहोर्यायो (पहिलो आदमलाई), जसको नियन्त्रणमा सारा प्रकृति थियो, तब हामी (दोस्रो आदम), वा पृथ्वीका मानिसहरु ख्रीष्टद्वारा उद्धार गरियो, त्यस कलवरीको दिन देखि, मानिसले उहालाई पछ्याउन सक्यो। अब, जब उहा कलवरीमा मर्नुभयो, उहाले एउटा बाटो बनाउनु भयो। उहाले आत्मा दिई पठाउनुभयो, पवित्र आत्मा, जसलाई पृथ्वीमा तपाई र मेरो निम्ति त्यसमा भएर जिउनको लागि पठाईयो। त्यहि नै हो हाम्रो लागि कलवरीको अर्थ, उहालाई पछ्याउनु हो।

79 पहिलो, त्यसमा हेर्नुहोस्, हेर्नुहोस् त्यसले हाम्रो निम्ति के गर्यो। र अब हामीले के गर्नुपर्छ त्यसको सम्बन्धमा? तपाईले र मैले के चाहि गर्नुपर्छ?

80 अब, हामी भन्छौ, "ठिक छ, म—म त्यसको सम्मान गर्छु, त्यो एकदम राम्रो हो।" तर हामीले त्यसलाई स्वीकार गर्नुपर्दछ। र त्यसलाई स्वीकार गर्नको लागि, उहाको व्यक्तिलाई स्वीकार गर्नुपर्दछ, ख्रीष्ट हाम्रो हृदयमा स्वीकार गर्नुपर्दछ।

81 तब, हामी पापबाट स्वतन्त्र हुन्छौ, अन्ततः त्यहाँ कुनै पनि पापको बन्धन हामीमा झुन्डिने छैन। परमेश्वर, हामीले कहिल्यै पाप नगरे सरह, सिद्ध बलिदानले हामीलाई सिद्ध बनायो। किनकि येशूले भन्नुभयो, "तिमीहरु पनि सिद्ध हौ जसरी स्वर्गमा हुनुहुने तिमीहरुका पिता सिद्ध हुनुहुन्छ।" त्यसपछि, त्यहाँ गर्न पर्ने बाकि केहि पनि छैन, तर हामी परमेश्वरको उपस्थितिमा सिद्ध बनाईएका छौ।

82 अब, त्यहि नै हो जहाँ हामीले हाम्रो स्थान गुमाउछौ। यदि हामीले हेरेनौ भने, हामीले पछाडि फर्केर के थियौ त्यो हेर्न खोज्छौ। र जबसम्म हामी के विगतमा थियौ त्यसमा फर्केर हेर्छौ भने, त्यो बलिदान हाम्रो निम्ति बेअर्थको हुन्छ। ओ के तपाई मण्डली त्यसलाई देख्न सक्नुहुन्न? [सभाले भन्छन्, "आमेन।"—सम्पा] म कुनै पनि...म कुनै कार्यको कोशिष गर्दिन। मैले सक्दिन, र न त तपाईले नै सक्नुहुन्छ। त्यहाँ कोशिष गर्नपर्ने कुनै आवश्यकता छैन। त्यो शूरू गर्नको लागि तपाई बाचेको नै छैन, जबसम्म विगतमा तपाईले के गर्नुभयो त्यो फर्केर हेर्नुहुन्छ। तर तपाईले विगतमा के गर्नुभयो त्यसलाई फर्केर नहेर्नुहोस्।

83 त्यो कलवरीको दिनले तपाईलाई के गर्यो त्यसमा हेर्नुहोस्। त्यसले तपाईको मूल्य चुक्ता गरेको छ। त्यो प्रश्न त्यसले टुंगाईदिएको छ। "तिमीहरुका पापहरु सिन्दूरे रङ्गका भए तापनि ती हिउँजस्तै सेता हुनेछन्।" तब तपाईमा कुनै पाप छैन। तपाई सिद्धरूपमा पापरहित हुनुहुन्छ। चाहे तपाईले जे सुकै गरेको होस्, वा जे पनि गर्नुहुन्छ, तपाई अझै पनि पाप रहित हुनुहुन्छ। जबसम्म तपाईले येशू ख्रीष्टलाई आफ्नो मुक्तिदाताको रूपमा स्विकार्नुभएको छ, तपाईको पाप क्षमा गरिएको छ। कुनै पनि कुरा जुन *क्षमा* गरिएको छ "त्यसको विषयमा माफी दिईएको र भुलिदिएको" हुन्छ।

84 तब त्यसले के गर्छ? त्यो अवस्था पछि यसले तपाईलाई उहाको आत्मा दिन्छ उहालाई पछ्याउनको निम्ति, र अरु जसले उहालाई पछ्याईरहेका छन् तिनीहरुलाई उहाले गर्नुभए झैँ हामीले गर्नको निम्ति। उहा मात्र एउटा व्यक्ति हुनुहुन्थ्यो, सिद्ध मानिस। उहाले आफ्नो जीवन दिनुभयो, र उहाले तपाईको निम्ति एउटा उदाहरण बनाउनु भयो। अब हामीले के गनुपर्छ?

85 अब, पहिलो कुरा जो म भन्न चाहन्छु, येशू कहिल्यै पनि आफ्नो लागि जिउनु भएन। उहाको जीवन अरुको निम्ति खर्चियो। त्यो, सिद्धरूपमा अनन्त जीवन हो। जब तपाईले भन्नुहुन्छ तपाई मण्डलीमा जानुहुन्छ, र तपाईले असल कामहरु गर्नुहुन्छ, त्यो राम्रो हो। तर जब तपाई आफ्नै लागि मात्रै जिउनुहुन्छ, तपाईसंग अनन्त जीवन छैन। अनन्त जीवन त अरुको निम्ति जिउनु हो। यो यसले प्रमाणित गर्यो जब यो परमेश्वरको थूमाको विषयमा आउदछ। उहा जिउनुभयो, र उहामा अनन्त जीवन थियो, किनभने उहा आफ्नै लागि जिउनुभएन। उहा अरुको निम्ति जिउनुभयो। र तपाईले त्यस दिनलाई प्राप्त गरेर अनन्त जीवन प्राप्त गर्न सक्नुहुन्छ, र तपाई त्यस उप्रान्त आफ्नै लागि जिउनुहुनेछैन। तपाई अरुको लागि जिउनुहुनेछ।

86 कसैले भनेका थिए, "कसैले तपाईलाई नराम्रो नामद्वारा बोलाउदा कसरी तपाई उभिन सक्नुहुन्छ?" तपाई आफ्नै लागि जिउनुहुन्न। तपाई अरुको निम्ति जिउनुहुन्छ ताकि तपाईले त्यस व्यक्तिलाई उद्धार दिलाउन सकोस्। तपाई छोराछोरीहरु बन्नुभएको छ। र यसको समस्या यो छ, कि मण्डलीले भुलेको छ कि तिनीहरु छोराछोरीहरु थिए। तपाई एउटा छोरा हुनुहुन्छ। तपाईले ख्रीष्टको स्थान लिनुहुँदैछ। तपाई छोरा हुनुहुन्छ, त्यसैले आफ्नो लागि नजिउनु होस्। अरुको निम्ति जिउनुहोस्।

87 "ठिक छ, भाई ब्रन्हाम, म *यो* भाईको निम्ति जिउन त सक्छु, किनभने उ पक्कै पनि एउटा असल व्यक्ति हो।" त्यो त्यस्तो होइन।

88 त्यो व्यक्तिको निम्ति जिउनुहोस् जसले तपाईलाई घृणा गर्छ। त्यो व्यक्तिको लागि जिउनुहोस् जसले सक्ने भए तपाईलाई मार्न पनि खोज्छ। त्यहि नै कुरा तिनीहरुले उहालाई पनि गरेका थिए। तिनीहरुले उहालाई मारे, र उहा मर्नु पनि भयो, ताकि उहाले तिनीहरुलाई बचाउन सकेको होस्। त्यो अनन्त जीवन हो। जब, तपाई, त्यो तपाईको काँखमा हुन्छ, तब तपाईले स्वर्गको सामना गर्दै हुनुहुन्छ। तर तपाईले आफ्नै थोकहरु बलिदान गर्नुहुन्छ, त्यसलाई छोडिदिनुहुन्छ, जसरी भेडाले आफ्नो ऊन दिन्छ। तपाई कलवरी तर्फ आफ्नो नजर राख्नुहोस्।

89 म आशा गर्छु कि यसले तपाईलाई त्यस स्थानमा पुराउन सहायता गर्नेछ। त्यहि नै हो मण्डली, त्यहि नै हो सबै मानिसले गर्न पर्ने, कि तपाई के हो भनि पत्ता लगाउनुहोस, र उदेश्य के हो। मण्डली, केवल संगीत बजाउन, र गीत गाउनलाई मण्डली आउदैन। मण्डली त्यो ठाउ हो जहाँ सच्याईन्छ। "इन्साफ परमेश्वरको घरबाट शूरू हुन्छ।"

90 "हामीले आफुले आफैलाई मृत मान्नुपर्छ, र ख्रीष्टको लागि जीवित रहनुपर्छ।" तब, ताकि हामीले आफैलाई उहाको सेवामा, उहालाई पछ्याउन बलिदान गर्न सक्नको निम्ति उहाले बाटो बनाउनुभयो। यदि हामी उहालाई पछ्याउछौ भने, उहाले जिउनुभएको जीवन हामीले अगुवाई गर्छौं। त्यो अद्भूत छ।

91 येशूले भन्नुभयो, र यसको विषयमा बोल्नुभयो। तपाईलाई यस विषयमा केहि टिप्पणीहरु म दिन्छु। यसलाई नछुटाउनुस्। येशूले भन्नुभयो, त्यस दिन उहाले मानिसहरुलाई अलग गर्नुहुनेछ, भेडा र बाख्रा अलग गरे जस्तै। र उहाले बाख्राहरुलाई भन्नुहुनेछ, "देब्रेपट्टि उभिन।" र भेडालाई, "दाहिने पट्टि उभिन।" भन्नुहुनेछ।

92 र उहाले बाख्राहरुलाई भन्नुभयो, "म बाट दूर होइजाओ। किनभने, म भोको थिए, र तिमीहरुले मलाई खानलाई दिएनौ। म भ्यालखानमा थिए तिमीहरुले मलाई भेट्न आएनौ। म नाङ्गो थिए तिमीहरुले मलाई वस्त्र लगाईदिएनौ। म तिर्खाएको थिए, तिमीहरुले मलाई पिउनलाई दिएनौ। म बिमार थिए, र तिमीहरु मलाई हेर्न आएनौ। त्यसैले म बाट दूर होइजाओ।"

93 र भेडालाई चाहि, उहाले भन्नुभयो, "म भोकाएको थिए, र तिमीहरुले मलाई खान दियौ। म नाङ्गो थिए, र तिमीहरुले मलाई वस्त्र दियौ। म बिमार थिए, र तिमीहरुले मेरो सेवा गर्यौं।"

94 र ध्यान दिनुहोस्। यो पाउनबाट मण्डली विफल नहुनुहोस्। यो तपाईको हृदयमा सदाको लागि राख्नुहोस्। त्यो अन्जानमा गरिएको थियो! मानिसहरुले त्यो कर्तव्यको हेतुले गरेका होइनन्। एउटा व्यक्तिले केहि तपाईलाई केहि अर्को दिन्छ, किनभने त्यो उसले गर्नुनै पर्छ, एउटा मान्छेले तपाईलाई खुवाउछ किनभने उनले त्यो गर्नु नै पर्छ, उसंग त्यो स्वार्थि विचार छ। त्यो तपाईको जीवननै हुनुपर्थ्यो, तपाईको गतिविधि नै हुनुपर्छ।

95 यो ती भेडाहरुको लागि एकदमै अचम्मित कुरा थियो, कि तिनीहरुले भने, "प्रभु, तपाई कहिले भोकाउनु भएको थियो र? र हामीले नखुवाउने तपाईलाई...कहिले तपाई भोकाउनुभयो, र हामीले तपाईलाई खुवायौ? तपाई कहिले नाङ्गो हुनुहुन्थ्यो र हामीले तपाईलाई वस्त्र दियौ? कहिले तपाई तिर्खाउनु भयो र हामीले तपाईलाई पिउनलाई दियौ? कहिले तपाई बिमार हुनुहुन्थ्यो र हामीले तपाईको सेवा गर्यौं?"

96 त्यो एकदमै आपसे आप प्रेम भन्दा बाहिर थियो, मात्र तपाईको जीवन त्यसमा रहेको थियो। परमेश्वर, मानिसहरुलाई आपसे आप देख्न दिनुहोस् कि त्यो कलवरीले हाम्रो निम्ति के गर्यो भनि।

"कहिले त्यस्तो हुनुहुन्थ्यो, प्रभु? हामीले कहिल्यै त्यो थाहा पाएनौ।"

97 हेर्नुहोस् येशूले फर्केर के भन्नुभयो, "तिमीहरुले यी सानामा एकजनालाई जे–जति गर्यौं, त्यो तिमीहरुले मलाई नै गर्यौं।"

98 निस्वार्थ जीवन; कुनै दोस्रो सोच त होइन। त्यसको विषयमा सोच्नु छैन, तर तपाई यो संसारका थोकहरुको निम्ति यति मृत हुनुहुन्छ, र ख्रीष्टमा अत्यन्त जीवित हुनुहुन्छ, र त्यसैले राजमार्गमा हिडिरहदा, कि यी कुराहरु आपसे आप हुने कुरा भईदिन्छ। तपाई केवल गर्न पुग्नुहुन्छ। यो भनेर होइन, "ठिक छ, अब प्रभुले, प्रभुले मैले त्यो गरेको चाहनुहुन्छ।" त्यो त्यस्तो होइन। तपाई केवल उहाको हिस्सा हुनुहुन्छ। उहाको आत्मा तपाईमा हुनुहुन्छ। र तपाईले त्यहि तरिकाको क्रियाकलाप गर्नुहुन्छ जुन उहाले गर्नुभयो। अ! त्यो पाउनुहोस्।

99 "कुनै बाटो मानिसको नजरमा ठिक देखिएला, तर अन्त्यमा त्यसले मृत्युमा पुर्याउछ।"

100 "तिनीहरु सबै जो प्रभु, प्रभु भन्छन् स्वर्गको राज्यमा प्रवेश गर्ने छैनन्, तर तिनीहरु जसले मेरो पिताको इच्छा पुरा गर्दछन्।" मात्र तिनीहरुको हृदयबाट, केवल स्वतन्त्र भई।

101 अब, त्यस दिन कलवरीले त्यो मूल्य तिरिदियो, ताकि हामी त्यो मार्ग बन्न सकौ।

102 यो भन्न होइन, "तपाईलाई थाहा छ, विधुवा जोन्स एक पटक...उनको कोइला सक्किएको थियो, र म गए र उनको निम्ति केहि कोइला ल्याईदिए। म तपाईलाई भन्छु, मैले एउटा भाई देखे जसलाई साचै नै सूटको कपडाको आवश्यकता थियो, र म गए र उनको निम्ति एउटा सूटको कपडा लिएर आइदिए। परमेश्वरले भलो गर्नुभएको होस्! म एक इसाई हूँ।" ओ, तिमी स्वार्थी, गरिब, दरिद्र व्यक्ति। तिमी देखावटी हौ।

103 "तिम्रो देब्रे हातले के गर्यो दाहिने हातले थाहा नपाओस्, र दाहिनेले के गर्यो देब्रेले थाहा नपाओस्।" केवल प्रभुमा यति आपसेआप मृत होस्, कि तपाईले त्यो जसरी नै गरेर छोड्नुहोस्। त्यो तपाईको स्वभाव हो। त्यो तपाईको तरिका हो। त्यो तपाईले जसरी नि गरेर छोड्नुहुन्छ। त्यो केवल त्यो जीवन हो जुन तपाईमा जिउदछ। तपाई पूर्णरूपले त्यो आत्मामा निर्भर हुनुहुन्छ, र केवल त्यो स्वयम् तपाईमा जिउछ। ओ, के तपाई त्यो आशिषित आत्मालाई महसूस गर्न सक्नुहुन्छ, त्यो जीवन! "म होइन जो जिउदछ," पावलले भनेका थिए, "तर ख्रीष्ट म मा जिउनुहुन्छ," त्यो आपसे आप हुदछ।

104 "ठिक छ, म भन्छु, भाई ब्रन्हाम, हामी सबै यहाँ इसाईहरु छौ। हामीले *यी* मनिहरुलाई सहयोग गर्छौं। हामीले *ती* मानिसहरुलाई मद्धत गर्छौं।" ओ, कति लाजमर्दो कुरा हो। त्यो इसाईत्व होइन।

105 इसाईत्व त आपसे आप आउन पर्ने हो। त्यो गरिनु पर्छ। र तपाई केवल त्यो विषयमा भुल्नुहुन्छ, त्यो विषयमा, "म भुल्दिन।" जाउ, त्यसो गर।

106 ख्रीष्टले केवल पूर्ण रूपमा आफ्नो जीवन परमेश्वरमा सुम्पनुभयो। उहाले, आफैलाई एउटा सार्वजनिक दासको रूपमा दिनुभयो मानिसहरुको निम्ति दिनुभयो। उहाले आफ्नो जीवन सित्तैमा दिनुभयो। उहाले त्यसो गर्नु पर्दैन थियो। उहाले यो वेहोसिमा गर्नुभएन। उहाले यो भन्नुभएन, "अब, भाईहरु, तिमीहरु सबैले पुरै मेरो बारेमा सोच्नुपर्छ, किनभने म

तिम्रो लागि मर्न आए।" उहाले कहिल्यै पनि त्यसको विषयमा एउटा शब्द पनि बोल्नुभएन। उहा जसरी भएपनि मर्नुभयो, किनभने उहाभित्र परमेश्वर स्वयम् हुनुहुन्थ्यो।

107 त्यो परमेश्वर तपाई भित्र हो, परमेश्वर म भित्र हो, जसले अरु प्रति यी कुराहरु हामीलाई देख्न लगाउछ। भेडा एक तर्फिमा।

108 ती मध्यले भन्छ, "ठिक, छ, प्रभु, मैले *यो* गरेको छु। र, प्रभु, मैले *त्यो* गरेको छु"

109 उहाले भन्नुभयो, "म बाट दूर होईजाओ, ए अधर्मका काम गर्नेहरु हो। मैले तिमीहरुलाई कहिल्यै चिनेको थिईन।"

110 यदि मण्डली कहिल्यै यी आधारभूत तथ्यमा आउन सके त, तब त्यो कुनै यस्तो कुरा होइन जुन तपाईले गर्न प्रयास गर्नुहुनेछ, तपाईले आपसेआप गर्नको लागि काम गर्नुहुन्छ। यो केहि यस्तो हो जुन तपाईमा जन्मेको छ।

111 मलाई क्षमा गर्नुहोस्, मेरा पेन्टिकोष्टल मित्रहरु। म पेन्टिकोष्टल हुँ। तर मेरा पेन्टिकोष्टल मित्रहरुले ध्यान दिनपर्ने ठाउ छ, कहाँ चाहि धेरै द्रूत संगीत, केहि ब्याण्डको बजाउने तरिका वा थपडी मार्ने, वा खैजडी र कहाँ चाहि चिच्याउने भनि। त्यो मात्र भावना हो। तिनीहरुले युद्धमा जानुभन्दा अगाडि ब्याण्डमा बजाउथे। तिनीहरुले मानिसहरुलाई युद्धको भावनामा पुर्याउथे। म संगीतमा विश्वास गर्छु। म ताली बजाउनेमा विस्वास गर्छु। तर म यी कुराहरुमा विश्वास गर्छु। त्यो वास्तवमै सत्य हो। हामीमा त्यो हुनुपर्छ।

112 तर तपाईहरुले महान् कुरा चाहि नगरी छोड्नु भयो, त्यो स्व–बलिदान को जीवन जुनमा प्रभु तपाईमा जिउनुहुन्छ, आपसे आप ती काम गर्ने जुन सहि हो किनभने त्यो सहि हो। मात्र केवल गर्दै जाने, त्यसको विषयमा कत्ति पनि नसोच्ने। मात्रै त्यसमा जिउदै जाने। तब हेर्नुहोस्, तपाईले देख्नुहुदछ के हुदैछ भनि। तपाई केवल...तपाईले केहि... तपाई राजमार्गमा हुनुहुन्छ। त्यहि नै हो जो कलवरीले तपाईको लगि अर्थ राख्ने, त्यो राजमार्गमा, त्यस दिनले तपाईको निम्ति खोलिदिएको छ।

113 अब, अब याद गर्नुहोस्, तपाई आधा बाख्रा र आधा भेडा हुनसक्नुहुन्न। तिनीहरु मिसिन सक्दैनन्।

114 अब, त्यहाँ धेरै जना मानिसहरु छन् जसले यो भन्छन्, "हो, तपाईलाई थाहा छ के? हामीसंग हाम्रो समूहमा संथा छ। हामी, हामीले गरीबहरुलाई सहयोग गर्छौं। हामीले *यो* गर्छौं।" त्यो सबै ठिकै छ, तर तपाईले यसको विषयमा आफैले आफ्नो बाजा बजाउदै हुनुहुन्छ। तपाई त्यसो नगर्नुस्।

115 "तपाईले आफ्नो भेटिदान गुप्तमा गर्नुपर्छ," येशूले त्यहि भन्नुभयो। केवल आपसे आप, तपाईलाई केहि, त्यो भन्दा बढि गएर होइन, एक पानि पिउदैछन्। तपाई तिर्खाएको हुनुहुन्छ। यदि अर्को माछे तिर्खाएको छ, तपाईले उसको विषयमा सोच्नुहुन्छ, तपाईले उसको विषयमा पनि सोच्नुहुन्छ। तपाईले अर्को मान्छे को आवश्यकता पनि त्यहि प्रकारले सोच्नुहुन्छ जस्तो आवश्यक तपाईलाई पनि परेको छ। र यसमा ध्यान न दिनुहोस्। मात्र त्यसमा जिउनुहोस्।

अब, तपाई आधा भेडा र आधा बाख्रा बन्न सक्नुहुन्न।

116 त्यसैले तपाई यसो भन्नुहुन्छ भने, “ठिक छ, हाम्रो मण्डलीको संस्था छ। हामीले गरिब दुखिलाई दान दिने गर्छौ, र हामीले *यो* गर्छौ, र *त्यो* गर्छौ र *अरु* गर्छौ।”

117 यदि तपाईसंग त्यो छ जो अरुसंग छैन, ख्रीष्टको जीवन तपाई भित्र छैन भने, तपाईले त्यो वास्तवमै यो व्यर्थमै गर्दै हुनुहुन्छ। येशू...पावलले भनेका थिए, पहिलो कोरिन्थी १३, “यदि मैले सारा सम्पति बाडिदिए, र मेरो शरीर जलाउनलाई दिईहाले, तर मसित प्रेम छैन भने मलाई केहि लाभ हुदैन।”

118 अब, यो कठिन कुरा हो, तर यो सत्य हो। तपाई त्यो तथ्यमा आउनु नै पर्दछ, कलवरीले तपाईको निम्ति के गर्यो त्यो बुझ्नुहोस्। हामीले त्यसमा हेर्छौं, र भन्छौ, “ओ, हो, त्यो राम्रो हो।” त्यो त्यस्तो होइन। यदि परमेश्वरको पुत्र जो आउनुभयो उहा कलवरीमा क्रूसमा टाँगिनको निम्ति जानु नै पर्थ्यो भने, प्रत्येक छोराछोरी जो आउदछ उ कलवरीमा जानुनै पर्दछ। उसको पनि एउटा कलवरी हुनुनै पर्छ। तपाईको पनि त्यसदिनको कलवरी हुनु नै पर्छ। मेरो पनि त्यस दिनको कलवरी हुनुनै पर्दछ। त्यसले पापको प्रश्नलाई सुल्झ्याउछ। प्रचारकसंग हात मिलाएर होइन; मण्डलीमा हाल्लिन होईन; चिठ्ठीको कारणले भित्र आएको होइन; पेशाको कारणले भित्र आएको होइन। तर जन्मद्वारा भित्र आएका हौ। उहाले कहिल्यै चिठ्ठी पत्र दिनुभएन। उहाले कहिल्यै पेशा दिनुभएन। उहाले एउटा जन्म दिनुभयो। त्यहि नै तरिकाले हामी भित्र आयौ। तब, त्यसबाट, आपसे आप हामी इसाई जीवन जिईरहेका छौ।

119 अब, अर्को टिप्पणी। आधा बाख्रा, आधा भेडा, तिनीहरुमा त्यस्तो केहि कुरा हुदैन। तपाई कि त बाख्रा हुनुहुन्छ कि त भेडा हुनुहुन्छ। तपाई आधा बाख्रा र आधा भेडा हुनुहुन्न। तपाई कि त बाख्रा हुनुहुन्छ कि त भेडा हुनुहुन्छ।

120 अब, यदि तपाईले केवल असल काम गर्नुभएको छ, र सोच्नुहुन्छ कि तपाई त्यसै कारणले भित्र पस्न सक्नुहुन्छ, त्यो हो भने त्यहाँ कलवरी दिन हुन नै पर्ने थिएन। व्यवस्थाले त्यो दिलाई दिएको थियो। तर, यसलाई एकदिन को दिन लिईएको थियो, त्यसलाई भित्र ल्याउनको निम्ति थियो, ताकि हामी मात्र मण्डलीको सदस्य बन्न सक्ने होइन, तर परमेश्वरको छोरा र छोरीहरु पनि बन्नसक्न को निम्ति थियो। त्यो नै हो जुन कलवरी को दिन थियो। त्यहि नै हो जुन हाम्रो निम्ति अर्थ राख्छ, ताकि तपाई येशूले जस्तो गर्न, र पछ्याउन, र व्यवहार गर्न सक्न को निम्ति।

121 अब, बगेको खोला तल र माथि, एकै समयमा कदापि गर्दैन। खोला मात्र एकतर्फि बग्छ। र परमेश्वरको आत्मा मात्र एउटा बाटो कुद्छ। यसले आफूसंग कुनै कुरा मिसाउदैन। एकैनासले कुदिरहन्छ।

122 बन्द गर्दै गर्दा येशूलाई हेर्नुहोस्। येशूले भन्नुभयो, “मैले गरेका कामहरु तिमीहरुले पनि गर्नेछौ, र अझै बढ्ता गरेर गर्नेछौ, किनकि म मेरो पिताकहाँ जादै छु।”

123 मैले यहाँ यो मण्डलीमा यो कुरा यत्तिसम्म भनिरहेको छैन। तपाई बुझ्नुहुन्छ। तर यो सुसंदेश टेपमा कैद गरिएको छ। दसौ हजारौले यी कुरा संसारको चारैतिर सुन्छन्।

124 म ठिक अहिले, आलोचकहरुको प्रश्नको उत्तर दिनेवाला छु। मलाई प्राय जसो भनिएको छ...भनिएको छ। तिनीहरुले भन्छन्, "किन, तपाई बाईबल विश्वास गर्नुहुन्छ? येशूले भन्नुभयो, 'यी कामहरु जुन मैले गरेको छु तिमीहरुले पनि गर्नेछौ, र यो भन्दा बढ्ता गरेर गर्नेछौ, किनकि म मेरो पिताकहाँ जादैछु।'"

125 तपाई कति नराम्रोसम्म पाउन सक्नुहुन्छ, महोदय? तपाईको बौद्धिक ज्ञानले, कुनै पनि कुराको तपाईको मानसिक अवधारणाले, तपाई परमेश्वरको विवेकबाट कतिसम्म टाढा भाग्न सक्नुहुन्छ? मेरो दयालु र हराएको मित्र, के तिमी बुझ्न सक्दैनौ कि यो बाईबल आत्मिक तौरले व्याख्या गरिएको छ?

126 येशूले पितालाई धन्यवाद दिनुभयो कि उहाले यो कुरा शिक्षितहरु, र समझदार, र विद्ध्वान, र ज्ञानीबाट लुकाएर ती बालकहरुमा प्रकट गर्नुभयो जो ती कलवरीमा औदछन्।

127 अब हेर्नुहोस्। येशूले भन्नुभयो। हेर्नुहोस् उहाले कसरी स्पष्ट पार्नुभयो। "जुन काम मैले गरेको छु," उहाले ती कुराहरु ठिक अहिले गर्दै हुनुहुन्छ। "ती काम जुन अहिले म गर्दैछु, बिमारीलाई निको पार्ने, मरेकालाई जीवित उठाउने, अन्धोको आखा खोल्ने, यी कामहरु तिमीहरुले पनि गर्नेछौ। तिमीले यो गर्नेछौ यदि तिमीले ममा विश्वास गर्छौ भने। तिमीले यी कामहरु गर्नेछौ। र त्यसपछि तिमीले यो भन्दा पनि बढ्ता गरेर गर्नेछौ, किनकि म मेरो पिताकहाँ जादैछु।"

128 "केहि बेर तिमीहरु मलाई देख्ने छैनौ, तरै पनि केहि बेर पछि मलाई फेरी देख्ने छौ। म तिमीहरु संगै हुनेछु, तिमी भित्रै हुनेछु, संसारको अन्त्यसम्म हुनेछु। म तिमीहरुलाई टुहुरो छोड्नेछैन। म पितासंग बिन्ति गर्ने छु; उहाले तिमीहरुलाई अर्को सल्लाहाकार दिनुहुनेछ, जो पवित्र आत्मा हुनुहुन्छ, जसलाई संसारले प्राप्त गर्न सक्नेछैन; तरै पनि, तिमीहरुले उहालाई प्राप्त गर्नेछौ।"

129 अब, ध्यान दिनुहोस्। "बढ्ता गरेर" काम गर्ने, त्यो भनेको मण्डलीमा शक्ति हुनुहो, बिमारीलाई प्रार्थनाद्वारा चंगाई गर्ने मात्र होइन, दुष्ट आत्मालाई प्रार्थनाद्वारा निकाल्ने मात्र होइन, तर विश्वासीहरुमा अनन्त जीवन आदानप्रदान गर्ने हो। पवित्र आत्मा आउदैहुनुहुन्थ्यो, र मण्डलीको हातहरुमा दिईएको थियो, जीवन आदान प्रदान गर्नको निम्ति दिईयो। ओ! हाम्रो निम्ति त्यहि नै कलवरीको अर्थ हो। यसले घृणित, अपमानित पुरुष र महिलाहरुलाई लियो, र तिनीहरुलाई यस्तो स्थानमा माथि उठायो, जहाँ तिनीहरुले परमेश्वरका छोरा र छोरीहरु भए, र बिमारीलाई निको पार्न र अनन्त जीवन दिन; आज्ञाकारी विश्वासीहरुमा पवित्र आत्मा दिलाएर, मानिसहरु जो कुनै समय अविश्वासी थिए, तिनीहरु विश्वासी बनाईन, र आत्मिक अनन्त जीवन प्रदान गर्न। कति महान् छ यो कुरा, भन्नमा...

130 यो महिला जो बिमारीले यहाँ लडिरहनु भएको छ, म विश्वासको प्रार्थना, प्रार्थना गर्न सक्छु र उनी निको हुनेछिन्। त्यो एउटा महान् कुरा हो। त्यहि नै थियो जुन उहाले त्यस बेलामा गर्नुभएको थियो।

131 "तर," भन्नुभयो, "यो भन्दा पनि बढ्ता गरेर तिमीहरुले गर्नेछौ। म तिमीहरुलाई सामर्थ्य दिनेवाला छु, उहालाई मात्र केहि समयको लागि उठाउनको निम्ति होइन, तर अनन्त जीवन दिनको निम्ति, जुन सदाको निम्ति अनन्त हुनेछ।" गरिब, अन्धा, दरिद्र मानिसहरु, कसरी तपाईले त्यो छुटाउन सक्नुहुन्छ? के तपाई देख्नुहुन्न के "महान्" कुरा हो भनि? त्यो नै सबैभन्दा महान् कुरा हो कहिल्यै हुनसक्छ, ती मानिसहरुमा अनन्त जीवन दिनु हो। अनन्त जीवन के हो? त्यो जीवन जुन उहाले जिउनु भयो, त्यो जीवन जुन उहामा थियो, त्यो अरुमा हाल्नुहोस्। के मानिसले त्यो गर्न सक्छ?

132 येशूले भन्नुभयो, "जसको पाप तिमीहरु क्षमा गर्छौ, तिनीहरुलाई क्षमा हुन्छ, र जसका पाप तिमीहरु क्षमा गर्दैनौ क्षमा हुनेछैन।"

133 अब, यहाँ हो जहाँ धेरै क्याथोलिक मण्डली र अरु धेरैले तिनीहरुको ठूलो गल्ति गरेका छन्। तिनीहरु बाहिर जान्छन् र भन्छन्, "म तिम्रो पापहरुको क्षमा दिन्छु।" त्यो त्यस्तो होइन।

134 कसरी तिनीहरुले आफ्नो पापको क्षमा पाएका थिए बाईबलमा? पत्रुसले प्रश्नको उत्तर दिएका थिए पेन्टिकोष्टको दिनमा। तिनीहरुले भनेका थिए, "हामीले बाच्नको निम्ति के गर्नुपर्दछ? हामीले कसरी यो पाउन सक्छौ जुन तिमीहरु प्रत्येकले पाएका छौ?" उनले त्यसको जग निर्धारण गरिदिए। उनले तिनीहरुलाई भनिदिए के गर्ने भनेर।

135 उनले भने, "परमेश्वर प्रति पश्चताप गर, र तिमीहरु प्रत्येकले येशू ख्रीष्टको नाउमा बप्तिस्मा लिऔ।" के को लागि? आफ्नो पापको क्षमादानको निम्ति। त्यो हो "महान्" कामहरु।

136 तपाईहरु कतिजना प्रचारकहरु, यस बिहानीमा, जो मेरो वचन चुम्बकिय टेपमा सुनिरहनुभएको छ, कतिजना यस बिहानीमा कलवरीमा जान इच्छुक हुनुहुन्छ? र पमेश्वरले त्यहाँ तपाईको निम्ति के गर्नुभयो भनि हेर्नुहुन्छ। र आफ्नो नामधारी संगठित संस्थाको सिद्धान्त त्याग्नुहुन्छ, र सुसमाचार प्रचार गर्नुहुन्छ। हालेलुयाह! अब यो तपाईको काँखमा छ। तपाईले त्यससंग के गर्न जादैहुनुहुन्छ?

137 "किनकि पश्चाताप र पाप क्षमादानको प्रचार यरुशलेमबाट शुरू भएर सारा संसारमा उहाको नाउमा हुनुपर्छ।" हालेलुयाह! महिमा! त्यहाँ तपाई हुनुहुन्छ।

138 कलवरीले तपाइको निम्ति के अर्थ राख्छ? त्यस दिनले तपाईको निम्ति के गरेको छ? के त्यसले तपाईलाई केहि थियोलोजी थमाई दिएको छ? के त्यसले तपाईलाई झुन्डिने कपडा बनाईदिएको छ? या कुनै एउटा बिकेको इसाई बनाइदियो? हलेलुयाह!

139 पाप क्षमा दिईयो! "यो भन्दा पनि ठूलो कार्य गर्नेछौ।" तपाईले देख्नुभयो त्यो "तिमीहरु" को हुन्, देख्नुभएन र? "यो भन्दा पनि ठूलो काम गर्नेछौ," पाप को क्षमा दिने, येशू ख्रीष्टको नाउमा।

140 तर सिद्धान्त र नामधारी संगठित संस्था, र अरु थोकद्धारा, त्यसले तल त्यो ठाउमा तपाईलाई बन्धनमा नै राख्छ, र तपाई अझै पनि संसारलाई सेवा गर्दै हुनुहुन्छ। कुनै पुरुषले मलाई भन्नुहोस्, कुनै महिलाले मलाई भन्नुहोस्, कि कसैले केहि भनेको भरमा कोहि

कलवरी आउन सक्छ र ठूलो बन्ने कोशिष गर्छ। भन्नुहोस्, कहाँ तपाईले कलवरीको सामने हेर्न सक्नुहुन्छ त्यसको सहि उज्यालोमा, त्यस दिन कलवरीमा। कसरी तपाईको दिन कलवरीमा भएर, एउटा जिद्दी व्यक्ति भई निस्कन सक्नुहुन्छ? कसरी तपाई कुनै संस्थाको निम्ति कट्पूतली भई निस्केर, त्यहि मानव–निर्मित सिद्धान्तलाई प्रचार गर्नसक्नुहुन्छ? किन त्यसले तपाईलाई परमेश्वरको वचनमा विनम्र बनाउन सक्दैन? यदि तपाई कहिल्यै त्यहाँ जानुभयो भने, तपाई विनम्र भएर आउनुहुन्छ। कसरी तपाई अझै पनि आफ्नो टोपीमा प्वाँख भएको, आफ्नो संस्थाको ठूलो व्यक्ति हुन चाहनुहुन्छ, जबकि येशू ख्रीष्ट परमेश्वरको पुत्र आफैले आफैलाई शरीरमा घाउ हुनेगरी, मुखमा थूकिने गरी, लज्जित र कलंकित भएसम्म आफैलाई नम्र बनाउनुभयो? र तिनीहरुले उहाको लुगा च्यातिदिए, र उहालाई संसारको अगाडि क्रूसमा टाँगिदिए। “लज्जित हुनेगरी अपहेलित गरी” कसरी तपाई कलवरीमा गएर उहा जस्तो एउटा लाज र शर्मभन्दा केहि भिन्दै भएर आउनसक्नुहुन्छ?

“ओ,” तपाई भन्नुहुन्छ, “तिनीहरुले मलाई बाहिर निकालेर फालिदिन्छन्।” तिनीहरुलाई फाल्न दिनुस्।

141 तपाईको दिन कलवरीमा हुनदिनुहोस्, पमेश्वरले उहाको बाटो तपाईमा राख्नुहुनेछ। फेरी पनि मलाई त्यो उद्धृत गर्न दिनुहोस्। तपाईको दिन कलवरीमा हुनदिनुहोस्, परमेश्वरले उहाको बाटो तपाईमा राख्नुहुनेछ।

आउनुहोस् हामी प्रार्थना गरौं।

142 प्रभु, ओ परमेश्वर, हामी सबैलाई अहिले नै कलवरीसम्म लानुहोस्। हामीलाई हामी स्वयमबाट निक्लिनदिनुहोस्, प्रभु, मानिसहरुको डर, अरुले के भन्नेछ भन्ने कुराको डरबाट निकाल्नुहोस्। किन, सारा संसार उहा प्रति हाँसे, उहाको खिल्ली उडाए। तर उहा मृत्युसम्मै आज्ञाकारी हुनुभयो। उहा लज्जित अवस्था सम्मै आज्ञाकारी रहनुभयो। उहा संघिय सरकारको अधिनमा समेत पनि आज्ञाकारी रहनुभयो।

143 र हामी बुझ्दछौ कि जब शैतानले यो पृथ्वीलाई खोस्यो, उ नै यस पृथ्वीको शासक र अधिकारी भए। त्यसले हाम्रो प्रभुको अगाडि उहि कुराको साक्षी दियो, र भन्यो, “यी राज्यहरु मेरो हो। म त्यसमाथि मेरो इच्छा अनुसार गर्नेछु।” र हामीले यो बुझ्छौ, त्यस दिन देखि आजको दिनसम्म, यो संसार, श्रापको बन्धनमा छ, यसलाई त्यसले शासन गरेको छ जो श्रापित छ।

तर, परमेश्वर, ओ परमेश्वर, हामी त्यो राज्यको सेवा गर्छौं जुन श्रापित छैन।

144 पिता, परमेश्वर, यो कति अद्भूत छ, कि तपाईले केहि महान् काम आज यस संसारको तस्बिरमा गर्नुभएको छ। यी महान् तस्बिरहरुलाई जस्तो *दस आज्ञाहरु*, र त्यसरी नै अरु, बाहिर आउन दिनुभयो, ताकि पुरुष र स्त्रीहरुले त्यो देख्न सक्नलाई, जसले मण्डलीको ढोका समेत अन्धकारमा पर्न दिदैन, तर तिनीहरुलाई देख्नलाई दिनुहुन्छ। परमेश्वरको मार्ग संसारद्वारा इन्कार गरिएको मार्ग हो। किनभने हामीहरु जस्तो...हामी रूसको कम्युनिस्टवादको मुनी जान्छौ।

145 हामी यस संसारमा छौ तर हामी यो संसारका होइनौ। हामी कलवरीमा गएका छौ। उहाको मध्ये एक हुनलाई उहाको राज्यको निम्ति, हामीले आफैलाई क्रूसमा चढाएका छौ। चाहे संसारले जे सुकै किन नभनोस्, हामी परमेश्वरका ती केहि अपहेलितसंग हाम्रो बाटो बनाउछौ। हामी पुनरुत्थानमा जानेछौ, र हामी विश्वास गर्छौं त्यो दिन नजीकै छ, प्रभु, त्यो दिनसम्म जब हाम्रो पुनरुत्थान हुनेछ त्यो एउटा राज्यमा जसले यस संसारलाई लिनेछ। जस्तो दानिएलले पहिले नै देखेका थिए, र त्यसले सबै संसारलाई सानो भूसको रूपमा तोडिदियो, र बतासले त्यसलाई भुइबाट उडाएर फालिदियो। तर, त्यो पर्वत, त्यस पत्थर बढेर एउटा ठूलो पर्वत भएर पृथ्वीलाई ढाक्यो। त्यो पत्थर आउनेछ। ओ परमेश्वर, हामी त्यसको एउटा हिस्सा हुन चाहन्छौ। हामीले आफैलाई इन्कार गरौ, दिनदिनै आफ्नो क्रूस बोकौ, ख्रीष्टको निम्ति जिऔ, अरुको निम्ति जिऔ। प्रदान गर्नुहोस्, प्रभु।

146 त्यहाँ कोहि यहाँ यस बिहानीमा छन्, र जसले उहालाई मुक्तिदाताको रूपमा चिनेका छैनन्, र समापनको प्रार्थनामा सम्झिएको चाहन्छन्, र यो तपाईको कलवरीको दिन जस्तो भएको चाहन्छन्, के तपाई आफ्नो हात उठाउनुहुन्छ, र भन्नुहुन्छ, “मेरो निम्ति प्रार्थना गरिदिनुहोस्, भाई ब्रन्हाम। म उहालाई आफ्नो मुक्तिदाताको रूपमा चिन्न चाहन्छु।” परमेश्वरले आशिष दिउन्। जवान साथी। अरु कोहि हुनुहुन्छ? परमेश्वरले आशिष दिउन्, त्यहाँ पछाडि मेरो भाईलाई।

147 के त्यहाँ अरु कोहि हुनुहुन्छ? भन्नुहोस्, “म उहालाई चिन्न चाहन्छु। म यो दिन मेरो निम्ति कलवरीको दिन भएको चाहन्छु। म कमजोर र थकित छु। यहाँ यी कामै नलाग्ने कुराहरुको चारैतिर बरालिनुमा के फाइदा जुन काम गर्नको निम्ति म जन्मेको थिए? म परमेश्वरको एउटा छोरा हुनको निम्ति जन्मेको थिए, र यहाँ म छु कि संसारका कुराहरुलाई पक्रेर बसेको छु। परमेश्वर, मलाई क्रूसमा टाँगिन दिनुहोस्। मलाई क्रूसमा टाँगिन दिनुहोस्, आज, म आफैलाई र मेरा विचारहरुलाई, ताकि म ख्रीष्टसंग जिउन सँकू, र अरूको निम्ति जिउन सँकू। चाहे तिनीहरुले मलाई जे सुकै गरोस्, मेरो मजाक उडाउलान्, र मेरो सतावट गर्लान्, र सबै दुष्ट कुरा मेरो विरुद्धमा भन्लान्, र यावत् थोकहरु, मलाई केवल सानो भई हिड्न दिनुहोस्, विनम्रता साथ, थूमा जस्तै गरी, जस्तो उहाले गर्नुभएको थियो। र कुनै दिन, उहाले मलाई फेरी ती अन्तिम दिनहरुमा उठाउने प्रतिज्ञा गर्नुभएको छ। म त्यस दिनतर्फ दृष्टि लगाईरहेको छु।” के त्यहाँ अझै केहि हात छन् जुन उठाउन पर्नेछ? तपाईलाई धन्यवाद त्यहाँ पछाडि, र तपाईलाई पनि। ठिक छ। केहि अरु पनि...परमेश्वरले तपाईलाई आशिष दिउन्। अझै अरु छन्, हामीले प्रार्थना गर्नुभन्दा अगाडि।

148 हाम्रो स्वर्गीय पिता, यो भनिएको थियो, जब पत्रुसले प्रचार गरेका थिए त्यस पेन्टिकोष्टको दिनमा, “र जो जातिले विश्वास गरे तिनीहरु मण्डलीमा थपिए।” तिनीहरुले साचो रूपमा तिनीहरुका पूर्ण हृदयले विश्वास गरेका थिए। यी मानिसहरु जसले आफ्ना हात उठाएका छन् तिनीहरुले पूर्ण हृदयले विश्वास गरेका छन् भनि म विश्वास गर्दछु। र यदि तिनीहरुले विश्वास गरेका छन् भने, त्यहाँ पानीको तलाउले तिनीहरुलाई पर्खिरहेको छन। तिनीहरु ती पापहरु क्षमा भएका चाहन्छन्। त्यहाँ कोहि हुनुहुन्छ जसले तिनीहरुलाई

नाउमा बप्तिष्मा दिन सक्नुहुन्छ, र त्यहाँ एउटा मात्रै नाउ छ जुन स्वर्ग मुनी मानिसहरुको बीचमा दिईएको छ, जसद्वारा हामी बचाईदछौ।

149 किनकि, जसरी मैले केहि क्षण अगाडि धर्मशास्त्रबाट उद्ध्रीद गरेको थिए, कि, “पश्चाताप र पाप क्षमादान उहाको नाउमा यरूसलेम देखि सारा संसारमा प्रचारिनु पर्दछ।” र यरूसलेममा, पश्चाताप र पाप क्षमादानको प्रचार भयो, प्रेरितहरुले तिनीहरुलाई धर्मशास्त्रको विषयमा भने, र भने तिनीहरुले “पश्चाताप, पहिले गर्नुपर्दछ, र येशू ख्रीष्टको नाउमा बप्तिष्मा लिनुपर्दछ।” त्यो नै प्रचारकको व्यवसाय हो गर्नको निम्ति। तिनीहरुले पश्चाताप गर्नको निम्ति, र उसले तिनीहरुको पापको क्षमाको निम्ति बप्तिष्मा दिनुपर्दथ्यो। “जसका पाप तिमीहरु क्षमा गर्छौ, तिनीहरुलाई क्षमा हुन्छ, र जसका तिमीहरु क्षमा गर्दैनौ क्षमा हुनेछैन।”

150 पिता, कसरी संसार त्यो रिसको आवेशमा आयो जस्तो तिनीहरुसंग अहिले छ? किन साधारण सुसमार विश्वास गर्दैनन्? र तिनीहरुले अझै त्यसको विकल्पको रूपमा ती: झुटा नाउहरु, झुटा बप्तिष्माहरु, झुटा पवित्र आत्माको बप्तिष्माहरु, सेवकसंग हात मिलाएर, ती उपनामहरु प्रयोग गरेर पिता, पुत्र र पवित्र आत्मा, जुन कहिल्यै धर्मशास्त्रमा थिएन; एउटा दस्तावेज जुन रोमका मानिसहरुले बनाए, त्यो इसाईको शिक्षा होइन बाईबलमा कहिँ पनि छैन, ती सबै कुरा तिनीहरुले ल्याए। पापको क्षमा कहिल्यै पनि उपनामबाट हुनसक्दैन, तर येशू ख्रीष्टको नाउद्वारा हुदछ।

151 अब, पिता, हामी जान्दछौ कि यो एकदमै अप्रसिद्ध छ। तपाईको तरिका सधै त्यस्तै नै रहेको छ। तर हुन दिनुहोस् कि आज बिहान, महिला र पुरुषहरुलाई त्यस दिनमा आउन दिनुहोस्, त्यस दिन कलवरीमा। जहाँ, येशूको त्यो अपहेलनाको दिन, लज्जास्पद, टुक्रा टुक्रा गर्नको निम्ति, थुक्न, र हसी उडाएको थियो; सारा संसारले, मण्डलीले, ती मानिसहरुले जसले उहालाई प्रेम गर्नु पर्ने थियो। र, तरै पनि, ती सबै हुदा, उहाले आफ्नो मुख खोल्नु भएन, र जानुभयो र ती मानिसहरुको निम्ति मर्नुभयो जसले उहाको मजाक उडाउदै थिए।

152 परमेश्वर, हामीलाई त्यो कलवरीमा लानुहोस् यस बिहानीमा। र यदि तिनीहरुले हामी पागल भएका छौ भन्छन् भने, तिनीहरुले भन्छन् हामीले वचन गलत पाएका छौ, तिनीहरुले जे सुकै भन्न चाहन्छन्, परमेश्वर, तिनीहरु परमेश्वरको उपस्थितिमा खडा भएर गलत छौ भन्न सक्दैनन्।

तिनीहरुले आफ्नो पाप बाईबलद्वारा छोप्न सक्दैनन्। बाईबलले तिनीहरुको पापहरु खोलिदिन्छ; तिनीहरुको अविश्वास; प्रख्यात हुनको निम्ति, बाकि रहेको जामतको जस्तै गर्नको निम्ति। तिनीहरुलाई कलवरीमा आउन दिनुहोस् यो बिहानीमा।

153 “र यरूसलेबाट शूरू गरेर; पश्चताप र पाप क्षमा येशूको नाउमा यरूसलेमबाट शुरु गरेर सारा जातिलाई प्रचार गरिनु पर्छ।”

तिनीहरुलाई टुक्रा टुक्रा हुनको निम्ति उहि क्रूसमा टाँगिएको कदमलाई लिनदिनुहोस्; थुकिईन को निम्ति, र मजाक गरीईनको निम्ति; र ती सबै भनि बोलाईनको निम्ति

जुन धार्मिक विद्रोहीको रेखामा पर्दछ; मण्डलीहरु च्यातिनको निम्ति; ती सबै तिनीहरुले बोलाउन चाहन्छन्।

हुनसकोस् हामी, प्रभु, यस बिहानमा, हामीले तपाईका केहि अपहेलितहरु संग आफ्नो बाटो लिनसकौ। हुनसकोस् कि हामी प्रेरितहरुले गरेको जस्तै गरि हिड्न सकौ, नत बाँया फर्किने नत दाँया, र हाम्रो हृदयको भलाईपन द्वारा पर्मेश्वरको सेवा गर्न सकौ। प्रदान गर्नुहोस्, पिता।

154 अब, प्रार्थनाको लाईनमा आएका बिमारीहरु र दुखिहरुलाई चंगाई गर्नुहोस्। हुनसकोस्, कि जसले आफ्नो हातहरु उठाएका छन्, आफ्नो हृदयमा, तिनीहरुले अहिले पश्चाताप गर्न सकून्। तिनीहरु जो लामो समय देखि त्यहाँ पछाडि उभिरहेका छन्, छिटो त्यो पानीमा गएर आफ्नो पापको क्षमा त्यो बलिदान भएको नाउमा, येशू ख्रीष्ट, परमेश्वरको पुत्रमा गर्न सकेका होस्। आमेन।

त्यहाँ तल क्रूसमा जहाँ मेरो मुक्तिदाता मर्नुभयो,
तल त्यहाँ पापको धुलाईबाट म कराए;
त्यहाँ मेरो हृदयमा रगत लागू गरियो;
उहाको महिमा...

उहाको नाउको महिमा होस्!
ओ, उहाको नाउको महिमा भएको होस्!
ओ, त्यहाँ मेरो हृदयमा रगत लागू गरियो
उहाको नाउको महिमा भएको होस्!

म अत्यन्त अद्भूतसंग पापबाट बचाईए,(कसरी?)
येशू यति मिठासमा भित्र रहनुहुन्छ,
त्यहाँ क्रूसमा जहाँ उहा...(उहाको मध्ये एउटा बन्नुहोस्।) भित्र;
ओ, उहाको नाउको महिमा भएको होस्!

उहाको नाउको महिमा भएको होस्!
उहाको नाउको महिमा भएको होस्!(अमूल्य नाउ)
ओ, त्यहाँ...हृदयमा रगत लागू गरियो;
उहाको महिमा...

155 के त्यो कुराले तपाईलाई केहि गर्दैन? केवल तपाईलाई झकझक्याउदछ। तपाईमा एउटा आशा राखिदिन्छ: जीवन, अनन्त जीवन।

156 "ख्रीष्टसंग क्रूसमा टाँगिनु" के हो? त्यो भनेको अरुको निम्ति जिउनु हो। कस्तो प्रकारको अरु? तिनीहरु जसले तपाईलाई घृणा गर्छ, तिनीहरु जसले तपाईलाई मन पराउदैनन्। तिनीहरु जसले तपाईको मजाक उडाउछन्: तिनीहरुको निम्ति जिउनुहोस्; तिनीहरुसंग रहनुहोस्; "तिनीहरुको निम्ति प्रार्थना गर्नुहोस् जसले तपाईलाई प्रयोग गर्न खोज्छ, मेरो नामको खातिर तपाईलाई सबै किसिमको दुष्ट झुटहरु बोल्दछ। तिनीहरुले अगमवक्ताहरुलाई सताए जो तपाईभन्दा अगी आएका थिए।"

157 मैले विचार गरेको थिए कि सम्भावतः यस बिहान सुसंदेशले मण्डलीलाई मद्दत पुर्याउदछ, ताकि तपाईले देख्नुहुनेछ कि हामीलाई एउटा कलवरीको आवश्यकता छ, हामीलाई क्रूसमा टाँगिन आवश्यक छ।

158 अब के त्यो सबै पुरा गरियो? त्यो सबै तिरियो। त्यो व्हिल मेचमा हुनुभएको बहिनीको निम्ति, यहाँ भएका ती मानिसहरुको निम्ति जो बिरामी र दुखि हुनुहुन्छ: त्यो सबैको निम्ति मूल्य तिरीसक्यो; मात्र तपाईले गर्न पर्ने कुरा चाहि यति हो कि त्यो तपाईको हो भनि विश्वास गर्नुहोस्; त्यहि तरिकामा यसलाई स्वीकार गर्नुहोस्, र तपाई निको हुनुहुनेछ।

159 याद गर्नुहोस्: अब यो के हो? तपाई संसारमा जानसक्नुहुन्छ, गएर सुसमाचार प्रचार गर्न सक्नुहुन्छ, बिरामीलाई निको पार्न सक्नुहुन्छ; र अनन्त जीवन दिनसक्नुहुन्छ।

कति महान हुनेथियो त्यो: यहाँ एउटा व्यक्ति लडिरहनुभएको छ ट्युमर भएर, क्यान्सर, वा त्यो जे सुकै हुनसक्छ। (हामीले देखेका छौ धेरै पटक उहाले आशिषहरु दिनुभएको र मानिसलाई निको पार्नुभएको, स्त्रीलाई निको पारेको; दुनिया भरमा हजारौ पटक हजारौ अचुक मामिलालाई, उनीहरुलाई हेर्नुहोस्, तिनीहरुलाई पलंगबाट, स्ट्रेचरहरुबाट निकालिएको; केवल मानिसको छाया क्यान्सरले खादछ; आज, ठिकै छन्, स्वास्थ छन्।) “मैले गरेका कामहरु तिमीहरुले पनि गर्नेछौ; तर त्यो भन्दा बढ्ता गरेर गर्नेछौ।”: “यो भन्दा बढ्ता गरेर,” सहि हो यो।

के? मैले तिनीहरुलाई जीवनको विस्तार येशूको नाउद्वारा दिएको छु, तिनीहरुको जीवन केहि दिनको निम्ति विस्तार गर्नको निम्ति।

तर, “यो भन्दा बढ्ता गरेर तिमीहरुले गर्नेछौ: तिमीहरुले तिनीहरुलाई मेरो नाउद्वारा अनन्त जीवन दिनेछौ।” ओह!

160 किन तपाई त्यो अमूल्य नाउबाट लज्जित बन्नुहुन्छ? किन मानिसहरु दूर र यसबाट टाढा भाग्न खोज्छन्? त्यो शैतानको कारणले हो। निश्चय नै।

161 “पश्चाताप र पाप क्षमा यरूसलेमदेखि शूरू भएर सारा संसारमा उहाको नाउमा प्रचारिनु पर्दछ।” त्यहि नै हो जहाँबाट सुसंदेश शुरू भयो। यो सहि हो? “पश्चाताप र पाप क्षमा यरूसलेमबाट शूरू भएर उहाको नाउमा प्रचारिनु पर्दछ”

162 अब, पहिलो त, हामीले त्यो गर्नेछौ जस्तो उहाले गर्नुभएको थियो: बिरामीहरुलाई निको पार्न प्रार्थना हुनुपर्छ।

163 अर्को, हामीसंग महान् वरदान हुनेछ: पानी तयार छ, यहाँ पछाडि, तिनीहरु जो बप्तिष्मा लिन चाहन्छन् (त्यहाँ स्त्रीहरुको लागि पोशाक छ यहाँ, त्यहाँ पुरुषहरुको लागि पोशाक छ यहा), जो तयारी भई उभिरहनु भएको छ आफ्नो पापबाट क्षमा पाउनको निम्ति; किनभने सम्भनुहोस्, कि तपाईले आफ्नो पापको क्षमा मात्र बाईबलको शिक्षा अनुसार पाउन सक्नुहुन्छ। “किनकि स्वर्गको तल मानिसहरुको बिचमा त्यहाँ कुनै अर्को नाउ छैन, जसबाट तपाई बचाईनुहुनेछ।”

164 पावलले केहि मानिसहरुलाई भेटे जसले पहिले नै बप्तिष्मा लिईसकेका थिए। र तिनीहरु कराउदै थिए, विजयी भयौ भनि। उनले भने, "तिमीहरुको के मा बप्तिष्मा भएको थियो?"

तिनीहरुले भने, "यूहन्नाको बप्तिष्मामा"

उनले भने, "यूहन्नाले दिएको बप्तिष्मा त पश्चातापको बप्तिष्मा थियो।" अब यो बुझ्नुहोस्: पश्चातापको निम्ति, पाप क्षमादानको निम्ति होइन। कति जनाले यो बुझ्नुहुन्छ? पाप क्षमादानको निम्ति होइन। तिनीहरुको बप्तिष्मा ठिकैमा भएको थियो, पश्चातापमा। तिनीहरुले पश्चाताप गरेका थिए: "हो, श्रीमान्, मैले पश्चाताप गरेको छु। उहा आउदैहुनुहुन्छ विश्वास गर्दै।" तिनीहरुका *पश्चातापमा* बप्तिष्मा भएका थिए; त्यसको अर्थ, "प्रभु येशू ख्रीष्टमा विश्वास गरेर।"

165 त्यसपछि जब तिनीहरुले *यो* सुने (कि बलिदान पहिले नै आईसकेको छ), तिनीहरुले फेरी येशू ख्रीष्टको नाउमा बप्तिष्मा लिए। र त्यसपछि, तिनीहरुमा पवित्र आत्मा दिईयो जब उनले आफ्नो हात तिनीहरु माथि राखे; र तिनीहरुले अन्य भाषाहरुमा बोले र अगमवाणी गरे।

166 अब, कसरी तपाईले त्यो वचनलाई परिवर्तन गर्न जानुहुनेछ? तपाईले आफ्नो औला बाईबलको एउटा ठाउमा राख्नुस् जहाँ कुनै व्यक्तिलाई नया करारमा उसको पापबाट क्षमा गरिएको छ र येशू ख्रीष्टको नाउमा बाहेक कहिल्यै अरु कुनै तरिकामा बप्तिष्मा दिलाईएको छ।

167 बाईबलको कुनै पनि एउटा ठाउमा मलाई देखाउनुस् जहाँ कुनै पनि व्यक्तिलाई कहिल्यै पिता, पुत्र, पवित्र आत्माको नाउमा बप्तिष्मामा दिलाईएको होस्। या मेरो डेस्कमा एउटा पनि इतिहास ल्याईदिनुहोस्, मण्डलीको इतिहास जसले त्यो देखाएको होस् जहाँ कुनै पनि व्यक्ति कहिल्यै पिता, पुत्र र पवित्र आत्माको नाउमा बप्तिष्मा लिएको होस्, तबसम्म जब अन्तिम प्रेरितको मृत्यु भएको तिन सय र केहि वर्ष पछाडि जब क्याथोलिक मण्डली संगठित भयो।

168 अब, मैले *पूर्व–नाईसिन पिताहरु* छन्, र...सबै इतिहासविदहरु, र सबै कुरा, ठिक मेरो अध्ययनमा छन्: सबै भन्दा प्राचीन, संसारकै पवित्र इतिहास; एउटै मात्र त्रुटी रहितको प्रमाण हामीसंग छ।

169 *हाम्रो आईतबारे आगन्तुक* पढ्नुहोस्, या क्याथोलिक मण्डलीको प्रश्नोत्तर पढ्नुहोस्, र त्यसलाई हेर्नुहोस्, तिनीहरुले के भन्छन्: "केहि प्रोटेस्टेन्टहारू शायद बचाईन्छन् होला, किनभने तिनीहरुले क्याथोलिकको सिद्धान्तमा झुक्छन्: किनकि तिनीहरुको बाईबलले भन्दछ, 'येशू ख्रीष्टको नाउमा बप्तिष्मा देओ,' तर हामीले 'येशूको पवित्र नाउलाई,' निकालेर 'पिता, पुत्र र पवित्र आत्मालाई,' राखिदियौ र तिनीहरुले त्यो स्वीकार गरेका छन्।"

अब मलाई कुनै वचन देखाउनुहोस् त्यसको विरुद्धमा।

170 र त्यहाँ तपाई हुनुहुन्छ। र अझै पनि, संसार ठिक त्यसमा झुक्दछ। किन? किनकि तिनीहरु कलवरीमा कहिल्यै पुगेका नै छैनन्। त्यो नै हो। तिनीहरुले कहिल्यै देखेका छैनन्।

171 तिनीहरुले तपाईको खिल्ली उडाउनेछन् र तपाईलाई बोलाउनेछन्...तिनीहरुले तपाईलाई, "धर्मी भनाउदो," "जिजस अन्ली" र त्यस्तै अन्धभक्तका नामहरुले समेत बोलाउनेछन् जुन तिनीहरुले गर्नसक्छन्। तिनीहरुले के भनि बोलाउन सक्छन् त्यसले के फरक पार्दछ र? तिनीहरुले के...तिनीहरुले उहालाई के भनि बोलाए त्यसमा के उहाले वास्ता गर्नुभयो? उहालाई क्रूसमा टाँगियो। उहा परमेश्वरको निम्ति जिउनुभयो, र मात्रै परमेश्वरको निम्ति जिउनुभयो। र यदि उहि आत्मा जुन उहामा थियो, त्यो तपाईमा छ भने, त्यसले तपाईलाई पनि त्यहि कुरानै गर्न लगाउछ: उहाको नाउलाई निभाउनुहुन्छ। "तिमीहरुले जे पनि गर्छौ" (बाईबलले भन्छ) "वचनमा वा काममा, परमेश्वरलाई धन्यवाद दिदै सबैकुरा येशूको नाउमा गर।"

172 कहाँबाट तपाईले त्यो त्रिएक, पागन सिद्धान्त पाउनुभयो? क्याथोलिकको सिद्धान्तबाट, बाईबलबाट होइन। यो शब्द "त्रिएक" पुरा उत्पत्तिदेखि प्रकाशसम्म धर्मशास्त्रमा कहिँ उल्लेखसम्म गरेको छैन। त्यहाँ त्यस्तो केहि पनि कुरा छैन। त्यहाँ कहिँ पनि त्यस्तो केहि कुरा छैन जुन त्रि एक परमेश्वरको रुपमा छ। उहा परमेश्वर हुनुहुन्छ, एक्लो परमेश्वर, एउटा परमेश्वर। सधै एउटै परमेश्वर मात्र हुनुहुन्छ। उहाले तिनओटा कार्यभारमा सेवा गर्नुभयो: उहाले एक पटक पिताको रुपमा सेवा गर्नुभयो, मोसाको समयमा। उहाले एक समय देहमा भई सेवा गर्नुभयो, एउटा पुत्रको रुपमा, येशू भएर। उहाले अहिले पवित्र आत्माको रूपमा काम गर्नुहुन्छ। तिनओटा कार्यभार, तिनओटा उपनाम एउटा नाउमा: येशू ख्रीष्ट।

173 त्यो भन्दा अरु फरक जति पागन हो; र म कसैलाई भन्छु कि यो देखाउन को निम्ति, यदि त्यो छैन भने। त्यो सहि हो। मैले त्यो वर्ष पछि वर्ष पछि वर्ष भरि भन्दै आएको छु, र अझै पनि, कसैले त्यसलाई लिन सकेको छैन,(बुझ्नुभयो) किनभने त्यो हुनै सक्दैन। मैले पाए...यहाँ बाईबल छ, पहिलो त; र त्यहाँ प्राचिन इतिहासहरु प्रमाणित गर्नलाई छन् जसले यो वास्तवमै ठिक हो साबित गर्छ। र किन शैतानले केवल...? म...ठिक, छ बाइबलले भनेको छ कि तिनीहरु त्यसै प्रकारले हुनेछन्: "कसरी तिनीहरु आउँन सक्छन् जबसम्म म तिनीहरुलाई ल्याउदिन?" त्यहि सबैकुरा हो यसको बारेमा मलाई थाहा भएको। त्यहि नै हो जुन येशूले भन्नुभएको थियो, त्यसैले...

174 मैले यो यसको लागि भनेको होइन...यदि मैले भनेको भए, र यसरी प्रवचन प्रचार गरेको भए, म नै तपाईहरु मध्ये सबैभन्दा तुच्छ पाखण्डी हुनेथिए। त्यो सहि हो। मैले यो यसकारणले भन्छु किनकि त्यो सत्य र जीवन हो। जो जति ख्रीष्टमा बप्तिष्मा भए, तिनीहरु ख्रीष्टमा राखिईन्छन्। तिनीहरुमा जीवन हुन्छन्, उहाको नाउद्वारा।

175 हामीले उहाको नाउमा प्रार्थना गर्छौ, उहाको नाउमा खोज्छौ, उहाको नाउमा बप्तिष्मा लिन्छौ, उहाको नाउमा जिउछौ, उहाकै नाउमा मर्छौ, उहाको नाउमा स्वर्गमा जान्छौ, उहाको नाउमा पुनरुत्थान हुन्छौ। "स्वर्गमा सबै परिवारहरुको नाउ येशू हुन्छ।" बाईबलले त्यहि नै भन्छ: "पृथ्वीमा सबै परिवारको नाउ येशू हो।" उहाले भन्नुभयो, "म आए मेरो..."

तपाई भन्नुहुन्छ, "ठिक छ, त्यो पिताको नाउ हो।"

*पिता* नाउ होइन, त्यो एउटा उपाधि हो। उहाले भन्नुभयो, "म मेरो पिताको नाउमा आए, र तिमीहरुले मलाई प्राप्त गरेनौ।" अब, कुन नाउमा उहा आउनुभयो? अँह। निश्चयनै, "...र तिमीहरुले मलाई स्वीकार गरेनौ।"

176 त्यसैले त्यहाँ तपाई हुनुहुन्छ; त्यो मात्र, हो, त्यो समझदार र विद्वानहरुको आँखाबाट लुकाईएको छ। पक्कै पनि, त्यो सच्चै नै हो, अँह।

177 र त्यहाँ प्रकाशमा, जस्तो हामीले अरु दिनमा सिकाईएको थियो: त्यहाँ पुरानो व्यश्यावृत्तिको मण्डली छ, जुन पहिलो संस्था हो; र त्यसपछि त्यसको छोरीहरुको केहि झुण्ड छन् जुन त्यसबाट जन्मेको छ। तिनीहरुले पनि त्यहि काम गर्छन्, उहि बानी छ। तिनीहरु सबै बेबिलोनको बन्धनमा छ, उहि तरिकामा छ, त्यससंग...रोमको मण्डली र राष्ट्रहरुको राजमण्डलको मण्डलीहरुका संघ; र त्यहाँ तिनीहरु छन्, सबैजना बाधिएका, सबैजना एकै कुरामा, एउटै डुंगामा छन्।

178 तर परमेश्वरको मण्डली (हाल्लेलुयाह!), त्यो एउटा बोलाएर ल्याएको मण्डली हो, छुट्टाएको मण्डली। मण्डली कसरी बनाईयो? कसरी तपाईले यो थाहा पाउनुहुन्छ? कसरी तपाईले कहिल्यै थाहा पाउनसक्नुहुन्छ कि यो सत्य हो भनेर? तब परमेश्वरले तपाईलाई यो कुराको प्रकाश दिनुहुन्छ। कसरी—कसरी हाबिलले जानेको थियो त्यो स्याउको सट्टामा थूमा थियो भनि? त्यो उनलाई प्रकाश गरिएको थियो: "विश्वासद्वारा हाबिलले परमेश्वरलाई अझै बढि उत्तम बलिदान चढाए।"

179 परिवर्तनको डाँडाबाट तल आउदै गर्दा, येशूले भन्नुभयो, "मानिसहरुले म को हूँ भनि भन्छन्?"

कसैले भने, "एलिया," "मोसा," र अरु त्यस्तै।

उहाले भन्नुभयो, "तर म तिमीहरुलाई सोद्धैछु, 'तिमीहरुले म को हूँ भन्छौ?'"

पत्रुसले भने, "तपाई ख्रीष्ट, जीवित परमेश्वरको पुत्र हुनुहुन्छ।"

180 उहाले भन्नुभयो, "तिमीले यो कहिँ कहिल्यै सिकेका होइनौ..." अर्को रूपले भन्दा (म यो ठुलो हुनको निम्ति भन्दिन, तर भन्न खोजेको कुरा बुझाउनलाई भन्दैछु): "तिमीले यो कुरा कुनै पनि पाठशालामा कहिल्यै सिकेका होइनौ; कुनै पनि मानिसले तिमीलाई कहिल्यै सिकाएको थिएन; तर मेरा पिता, जो स्वर्गमा हुनुहुन्छ, उहाले तिमीलाई यो प्रकट गर्नुभएको हो: कि म हुँ (पिताले, पुत्रले, या पवित्र आत्माले होइन, तर येशू ख्रीष्टले हो) यहि चट्टान माथि, आत्मिक परमेश्वरको सत्यताको प्रकाशमा, म मेरो मण्डली बसाल्ने छु, र नर्गको ढोकाहरुले त्यसको विरुद्धमा विजय पाउन सक्नेछैन।" त्यो ठिक हो। तिनीहरुले कोशिस गर्छन्, तर कहिल्यै विजय पाउने छैनन्।

181 त्यसैले केवल कलवरीमा जानुहोस्, क्रूसमा टाँगिनुहोस्, फर्केर आउनुहोस्, र तपाईको बाटो प्रभुको केहि अपहेलितसंग लिनुहोस्, र अगी बड्दै जानुहोस्।

182 अब, प्रभु, हामी हाम्रा सबै कुराहरु तपाईमा सुम्पन्छौ। मलाई थाहा छैन, यो समूह मध्येबाट, यहाँ के छ। मलाई यो जान्नको लागि केहि पनि आउदैन, प्रभु, जबसम्म तपाईले यो प्रकट गर्नुहुन्न। र अब, पिता परमेश्वर, तपाईले त्यो गरिदिनुहोस् भनि म मागिरहेको छैन। मैले त्यो केवल मानिसहरुको काँखमा राखिदिएको छु। त्यहाँ तिनीहरु छन्। हुनसकोस् यो बिहानमा यो वास्तविक कलवरी भएको होस्: हुनसकोस् कि स्वेच्छाहरु, र स्व आकांक्षाहरु, र जीवनका ठूला कुराहरुको वास्तविक रुपमा क्रूसमा टाँगिएको होस्।

183 हुनसकोस् कि मानिसहरु विनम्र भएको होस्, र परमेश्वरका ती केहि अपहेलितहरु संग आफ्नो बाटो लिन इच्छा गरेको होस्। तिनीहरु विनम्रता पूर्वक हिडेका होस्। हुनसकोस् कि तिनीहरु यस राज्यमा जन्मन सकेका हुन्, यो महान् परमेश्वरको राज्यमा, जुन एउटा आत्मिक शरीर हो, जुन पृथ्वीमा ख्रीष्टको अलौकिक शरीर हो: "एउटै आत्माद्वारा हामी सबै एउटै शरीरमा बप्तिष्मा भएका हौ।"

184 प्रदान गर्नुहोस्, प्रभु। चाहे तिनीहरु कालो, सेतो, पहेलो, खैरो, जो सुकै तिनीहरु होस्, पुरुष वा स्त्री, कमारा वा फुक्का: हामी सबैलाई उही एउटै आत्माबाट पिउनको निम्ति दिईएको छ।

185 प्रदान गर्नुहोस्, पिता, र यो यसरी नै संगै...धेरैको माझमा, यस बिहानीमा, कि तिनीहरुले बुझ्न सक्नेछन्; हुन सकोस् कि तपाईले तिनीहरुको बुझाई खोलिदिनुभएको होस्। तब, यो तिनीहरुको निम्ति नया दिन जस्तै हुनेछ: सूर्य उदाउने छ, र मानिसले बनाएको दुखलाग्दो उज्यालोको थियोलोजी हटेर जानेछ, र परमेश्वरको ज्योति तिनीहरुको मार्गमा चम्कनेछ, र यो सुन्दर घुम्टोको पर्दा तोडिदिनेछ। र तिनीहरु पवित्रताको राजमार्गमा हिड्न सक्नेछन्, तब, अरुको निम्ति जिउनेछन्, जस्तो ख्रीष्टले गर्नुभएको थियो।

186 अब जसै हामी प्रार्थनाको पंक्ति भित्र ल्याउछौ, म प्रार्थना गर्छु कि तपाई आफ्नो दासलाई अभिषेक गर्नुहुनेछ यस बिहानीमा, हामी सबैलाई, जसै हामी एक अर्कोको निम्ति प्रार्थना गर्दछौ। र प्रदान गर्नुहोस्, आज, कि प्रत्येक बिमारी व्यक्ति जो यस प्रार्थनाको पंक्तिबाट भएर आउदछ तिनीहरु निको हुनेछन्। हुनसकोस् कि तिनीहरु त्यो सानी आँखाको समस्या भएकी केटि जस्तै, र त्यो सानो केटो जस्तै गरि फर्किन सकून्... र त्यो उमेर खाएकी स्त्री जस्तै, र—र त्यो भाई राईट, र अरु धेरै जो ती कुरा लिएर आएका थिए, प्रभु, जो व्यथा र रोग लिएर आएका थिए जुन बैद्यले पनि निको पार्न सक्दैन थियो; र त्यहाँ तिनीहरु छन् आज (मात्र एक हप्ता अगाडि जस्तो) र त्यहाँ तिनीहरू ठिक छन् आज।

187 परमेश्वर, हुनसकोस् कि पुरुषहरु र स्त्रीहरु त्यहि विश्वास संगै भएर जान सकून्, यो जानेर कि तिनीहरु कलवरीमा आफ्नो विचारहरु र सोचहरु क्रूसमा टाँग्नको निम्ति जादैछन् ताकि तिनीहरु "पुराना बिमारी" हुन्। हुनसकोस् कि त्यो शक्ति जसले येशूलाई चिहानबाट उठायो त्यो शक्तिले तिनीहरुलाई जीवन दिएको होस्, विश्वासको महान् जीवन दिएको होस्।

188 र तब, यस पश्चात तुरुन्तै, हुनसकोस् कि धेरै जना यो बप्तिष्माको पोखरीमा आएको होस्। हामी माग्दछौ येशूको नाउमा। आमेन।

189 अब, हामीसंग केवल बिस मिनेट बाकि छ प्रार्थनाको पंक्ति र बप्तिष्माको सेवा गर्नको निम्ति। अब, हामीसंग प्रार्थनाको कार्डहरु छैन। हामीले त्यसबाट पाएका छौ, र हामि हामी यो मेरो ठुलो सभाहरुमा काम गर्ने प्रयास गर्नेछौ जब हामी शुरू गर्नेछौ। मैले तपाईहरु सबैलाई भनिसकेको छु, हामीले त्यसलाई राखीसकेका छौ, हामीले यो टेपमा पाएका छौ, र जहाँ कहिँ पनि म जान्छु, त्यहाँ टेपहरु अगाडि पठाईनेछ।

190 चिन्हले मात्र आशिषलाई संकेत गर्दछ। विचार यो थियो, "यदि तिमीले बिरामीलाई प्रार्थना गर्छौ, र मानिसहरुलाई तिमीमा विश्वास गराउन सक्छौ।"

मैले भने, "तिनीहरुले मलाई विश्वास गर्नेछैनन्।"

उहाले भन्नुभयो, "तिमीलाई यो चिन्हहरु दिईनेछ, र यसद्वारा तिनिहरूले विश्वास गर्नेछन्।" र चिन्हहरु बारम्बार चलिरहेको छ, दस वर्षसम संसारको चारै तिर एकपटक पनि विफल नभईकन। कति जनालाई थाहा छ यो सत्य हो भनि?

191 ठिक छ, यदि तपाईले चिन्हलाई विश्वास गर्न सक्नुभयो भने, संदेशलाई पनि विश्वास गर्नुहोस्। त्यो ठिक हो। यसले त्यो देखाउछ। र परमेश्वरले ममा एउटा संदेश राख्नुहुन्छ (त्यो त्यस्तै रूपमा सिद्ध रहन दिनुहोस्, तर के...) र म तपाईलाई केहि झुटो कुरा भन्छु होला? परमेश्वरले मलाई त्यस्तो गर्न दिनुहुन्न। होइन, होइन। हुनैसक्दैन, श्रीमान्। म तपाईलाई सत्यता भन्दैछु।

192 अब, सबै ती कुरा जुन तपाईले प्रार्थना गरिदिएको चाहनुहुन्छ, कुनै प्रकारको, यो पंक्तिमा, यहाँ आउँनुहोस् यो ठाउँ तर्फी, आउनुहुन्छ, ठिक त्यहाँ निर, दाहिने तर्फ पंक्ति मिलाउनुहोस्। र हामी प्रार्थना गर्दै गर्दा त्यसले मानिसहरुलाई यहाँबाट भएर आउन दिन्छ। तब हामीले केटाहरुलाई ठाउ दिन सक्छौ, तिनीहरुलाई ल्याउनेछन् र तिनीहरुले हेर्नेछन्; र जसरी तिनीहरु यहाँबाट भएर आउनेछन्, र त्यहाँ अर्को तर्फ आउने छन्, हामी तिनीहरुलाई पछाडि वरपर ल्याउनेछौ, र तिनीहरुलाई त्यसबाट भएर ल्याउनेछौ। ताकि सबैजनाको निम्ति प्रार्थ गरिन सकियोस्।

193 [कसैले भाई ब्रन्हामसंग बोल्छ—सम्पा] ओ, होइन, मैले गरिन। ठिक छ, तपाईले चाहेको जुनै पनि समयमा हुन्छ। केहि फरक पर्दैन। तपाईले उनीलाई ल्याउन सक्नुहुन्छ, या तपाईले...मैले...उनलाई त्यहाँ बाहिर लिएर आउनुहोस्, वा थोरै केहि समय पछि, जुनै पनि समय जुन उहाले चाहनुहुन्छ, केहि फरक पर्दैन।

194 अब, हामीले सक्नेसम्म केहि समयसम्मलाई चुपचाप बसौ। म तपाईहरु सबैले यसको विषयमा अहिले सोचेको चाहन्छु: अब, के भनेको—बाईबलले के भनेको छ? "विश्वासको प्रार्थनाले बिरामीलाई बचाउनेछ।" तपाईहरु कतिलाई थाहा छ त्यो सहि हो भनेर? कतिजनालाई थाहा छ बाईबलले यो भनेको छ भनि, "तिनीहरू जो विश्वास गर्दछन् तिनीहरुमा यी चिन्हहरु हुनेछन्। मैले गरेका कामहरु तिमीहरुले गर्नेछौ?" र कामहरु के

थिए उहाले भन्नुभयो, "म सक्छु यदि तिमीहरुले विश्वास गर्छौ कि म यो गर्न सक्छु भनि।" यो सहि हो?

मेरो प्रश्न के थियो? "तिनीहरुले मलाई विश्वास गर्नेछैनन्।"

उहाले भन्नुभयो, "यी चिन्हहरुले तिनीहरुलाई विश्वास गर्ने बनाउनेछ।"

195 अब, यदि तपाई विश्वास गर्नुहुन्छ भने, तयार हुनुहोस्: यो तपाईको छुटकाराको घडि हो। ठिक त्यस्तै गरि जस्तो पापबाटको छ, यो उहि परमेश्वरको उहि प्रतिज्ञा हो।

196 अब, हामी संग यहा एउटा थोरै, बिमार हुनुभएको स्त्री यहाँ हुनुहुन्छ, जसको पेटको समस्या छ, न्यू अल्बानिबाट हुनुहुन्छ। हामी उहाको निम्ति पहिले प्रार्थना गर्न जानेछौ, ताकि उहाले बस्नको निम्ति ठाउ पाउन सकोस्। अब, शान्तसंग, सबै जना, अब। दाजु भाईहरुले मलाई यहाँ सहयोग गरेको म चाहन्छु। र अब आउनुहोस् प्रार्थनाको निम्ती हाम्रो शिर केहि क्षणको लागि झुकाऔ।

197 अब, स्वर्गीय पिता, यो तपाईको वचन रहेको छ। म यसमा हुनआउने गतिविधिको जिम्मेवार व्यक्ति होइन, तर म यसलाई प्रचार गरेकोमा जिम्मेवार व्यक्ति हूँ। र यो जान्दै (र यो जानेर कि म मध्ये उमेरको मानिस हूँ, र कुनै दिन तपाईको सामना गर्नुपर्ने छ): मैले मेरो हृदयदेखि सत्य प्रचार गरिदिएको छु। तपाई यो जान्नुहुन्छ। पूर्वाग्रहि भएर होइन, यदि त्यस्तो हो भने, प्रभु, तब मलाई पश्चाताप आवश्यकता हुन्छ।

198 र पिता, म प्रार्थना गर्छु कि तपाईले मद्धत गर्नुहुनेछ, अहिले, जसै हामी बिरामीको निम्ति प्रार्थना गर्नेछौ, मेरो प्रार्थनाको उत्तर दिईएको होस्, मेरो मात्रै होइन, प्रभु, तर यस मण्डलीको प्रार्थना सुनिएको होस्, जसै यी गरीब मानिसहरु...के हुन्थ्यो यदि यहाँ मेरी श्रीमती उभिएको भए? के हुन्थ्यो यदि यो व्हिल मेचमा उनी बसिरहेको भए? वा मेरी बहिनी? मेरी आमा? ओ, परमेश्वर, यी मानिसहरुलाई निको पारिदिनुहोस्। के तपाई गर्नुहुन्छ, प्रभु?

199 हेर्नुहोस्, प्रार्थनाको पंक्तिमा उभिरहेकाहरुलाई, मुटुको समस्या, क्यान्सर, ट्युमर, हरेक प्रकारका रोगहरु र व्यथाहरु। धेरैजना आईरहेका छन् (सयौ जति छुटकारा भएका छन्, ठिक यहाँबाट प्रभु), र तिनीहरुले देखेका छन्, र तिनीहरुले विश्वास गर्छन्, र तिनीहरु प्रार्थनाको पंक्तिमा आफ्नो स्वीकार गर्न आएका छन्। तिनीहरुले जिउदो पत्थरमा आएका छन्, तपाईको दासको अगी आएका होइनन्, तर तपाईको पुत्र, येशू कहा आएका छन्, जो मण्डलीको अगुवा हुनुहुन्छ, आत्मिक, रहस्यमय व्यक्ति हामीहरुको माझमा हुनुहुन्छ। र जसै हामी जाँदछौ, उहाको नाउ चढाउदै (तपाईले भन्नुभएको थियो, "मेरो नाउमा तिनीहरुले दुष्टहरु धपाउनेछन्।") म प्रार्थना गर्दछु कि तपाईले हाम्रो प्रार्थनाहरुको उत्तर दिनुहुनेछ, येशूको नाउमा। आमेन।

200 अब, सबै जना प्रार्थनामा हुनेछौ। अब, यो तपाईको पनि भाग हो। यो तपाईको प्रार्थना हो।

अब यो स्त्री मर्नुनै पर्छ, यदि केहिले उहालाई मद्धत गरेन भने।

201 कति जनालाए थाहा छ भाई स्टाडस्क्लेभ? भाई र बहिनी स्टाडस्क्लेभ? मलाई एउटा रातमा जर्मनीबाट तिन पटकसम्म कल आएको थियो; तिनीहरुको बच्चा मरेको थियो। तिनीहरुले सोधे, "भाई ब्रन्हाम, हामीले परमेश्वरको आत्माद्वारा तपाईले मरेकाहरुलाई जीवित उठाएका देखेका छौ" (तिनीहरु उपस्थित थिए र यो हेरेका थिए। बुझ्नुभयो?) "र हामी जान्दछौ तपाई परमेश्वरको अगमवक्ता हुनुहुन्छ। मात्र वचन बोल्नुहोस्।"

मैले भने, "म भन्न सक्दिन, जबसम्म मेरो मुखमा त्यो रखिदैन।"

"जर्मनीमा आउनुहोस्।" म तुरुन्तै उठे। र तिनीहरुले फोन गरे: "हामी संग जेट हवाई जहाज छ जसले तपाईलाई छ घण्टामै जर्मनी ल्याउन सक्छ।" एउटा सैनिकको जेट जसले मलाई जर्मनीसम्म उडाएर लान्छ एउटा मृत शरीरलाई जीवित उठाउन, यो लुईसविल देखि मुनचेन, जर्मनीसम्म।

202 म त्यहाँनिर गए, र मेरो घुडा टेके, र मैले भने, "पिता, मैले के भन्नु पर्नेछ? मेरो मुखमा शब्दहरु हालिदिनुहोस्। यदि दिनुभएन भने, म व्यर्थमा जानेछु।" म फर्केर गए, उहाले मलाई उत्तर दिनुभएन। भित्र आए। रातभरी मैले प्रार्थना गरे, "प्रभु, मेरो मुखमा शब्द हालिदिनुहोस्" केहिले उत्तर दिएन।

203 अर्को बिहानीमा मेरी श्रीमती उठिन्। जसै उनले छोडेर गईन्, वचन आयो (म खडा भए), उहाले भन्नुभयो, "यसलाई नहप्का। यो परमप्रभुको हात हो।" अह।

त्यसपछि तुरुन्तै फोनमा गए: "म आउन सक्दिन। होइन, यो परमप्रभुको हात हो। मलाई मनाई गरिएको छ।" तपाईले देख्नुहुन्छ त्यो हप्काईमा कस्तो शक्ति छ? जब परमेश्वरले भन्नुभयो, "तिमीले त्यसो नगर्नु, किनकि त्यो परमप्रभुको हात हो।"

204 अब, मोसालाई, एक पटक, भनिएको थियो कि केहि नगर्नु भनि, उनी गए र जसरी भएनी उनले गरे। तपाई सम्झनसक्नुहुन्छ? त्यसैले म गईन।

205 र म तपाईलाई बयान ल्याउन सक्छु ती भिन्नै चार मानिसहरुको बारेमा देखाउनलाई, कि, प्रार्थना र मृत्युको हप्काई पछि जसलाई डाक्टरले मृत घोषणा गरिदिएको थियो। बुझ्नुभयो? हामी त्यहाँ त्यस कुरालाई हप्काउनलाई खडा हुन्छौ। र यदि परमेश्वरले तपाईलाई केहि गर्नको निम्ति सामर्थ्य दिनुभएको छ भने, तपाईले के गर्दै हुनुहुन्छ बरु त्यसमा बढि ध्यान पुराएको राम्रो। बुझ्नुभयो? तपाई बरु ध्यान पुराएको राम्रो...उहाले भन्नुभयो, "नगर्..."

206 अब, याद गर्नुहोस्, यो तपाईलाइ अत्यन्त ठुलो रूपले पुन्जिकृत नहोला, तर मेरो लागि, यसले केहि अर्थ राख्छ। बुझ्नुभयो?

"यसलाई निन्दा नगर्।" वास्तविक मिठासको दयालु आवाज (लगभग ६ तिस, मलाई लाग्छ त्यो ६-तिस थियो त्यो बिहानीमा) भन्नुभयो, "यसलाई निन्दा नगर्। यो परमप्रभुको हात हो।"

मैले भने, "धन्यवाद तपाईलाई, पिता। धन्यवाद तपाईलाई, प्रभु। म यसलाई गर्ने छुईन।"

207 यदि उहाले भन्नुभएको छ भने, "यसलाई हप्का। यो चिप्लिएको शत्रु हो।"

मैले भन्ने थिए, "आउनुहोस् जाऔ।" र त्यो हुने थियो।

208 जब त्यो सानो बालक त्यो फिनल्याण्डमा त्यहाँ सुतिरहेको, मृत, मसलिएको, उनको शरीरमा हड्डी समेत थिएन, परमप्रभुले भन्नुभयो त्यो शैतानको हात थियो, भन्नुभयो, "त्यसलाई हप्का।"

209 र मैले भने, "मृत्यु, तैले त्यसलाई समात्न सक्दैनस्। त्यसलाई फर्काएर ल्या, त्यसलाई छोडिदे।" त्यहाँ, त्यो बालक आफ्नो खुट्टाले उफ्रियो, र, कुनै पनि भाचिएको हड्डी पनि थिएन शरीरमा। त्यो परमप्रभुको वचन हो। मैले परमप्रभुको वचन प्रयोग गर्न सक्दिन जबसम्म प्रभुको वचन ममा आउदैन।

210 तर धर्मशास्त्रमा, परमप्रभुको वचनले मलाई बिरामी मानिसहरुको निम्ति प्रार्थना गर्नको निम्ति आज्ञा दिईएको छ; तिनीहरुको निम्ति प्रार्थना गर्नको निम्ति तलाई आज्ञा दिदछु। अब, "विश्वासको प्रार्थनाले बिरामीहरुलाई बचाउनेछ;" आउनुहोस् प्रार्थना गरौ, तपाईहरु आफ्नो शिर झुकाउनुहोस्; हामी हेर्नेछौ उहाले के भन्नुहुनेछ, जसै हामी प्रार्थनाबाट भएर जानेछौ।

211 तपाई एक इसाई हुनुहुन्छ, होइन र? तपाई आफ्नो सम्पूर्ण हृदयबाट विश्वास गर्नुहुन्छ कि येशूले तपाईलाई निको पार्न जादैहुनुहुन्छ भनि? पेटमा सानो समस्या छ; यसबाट ग्रसित हुनुभएको वर्षौ भईसकेको छ, बहिनी। अब, तपाई निको हुन जादै हुनुहुन्छ, यदि तपाईले विश्वास गर्नुहुन्छ भने।

212 अब, प्रभु परमेश्वर, तपाईको सहायता बिना यस जवान युवती मर्नेछ। अब म प्रार्थना गर्दछु, जसै म उनी प्रति हेर्दछु, उनी मर्न पर्ने मैले कुनै पनि कारण देख्दिन।

र म मेरो आत्मामा महसूस गर्न सक्छु, प्रभु, कि यो तपाईको अनुमतीको इच्छा हो, अब, कि म यसलाई हप्काउनेछु: शैतान, उसलाई छोडीदे!

येशू ख्रीष्टको नाउमा, उनी निको हुनसकेको होस्, यस मण्डलीमा आई, परमेश्वरको महिमामा गवाहि दिनसकेको होस्। आमेन।

213 अब, उत्ति नै सहज छ जत्ति, युवती, तपाई निको हुन जादै हुनुहुन्छ। के तपाई त्यो विश्वास गर्नुहुन्छ भाई?

[भाई ब्रन्हाम माईक्रोफोनबाट केहि कदम टाढा जानुहुन्छ—सम्पा] के तपाई यहाँ तल विश्वास गर्नुहुन्छ, कि तपाई निको हुन जादै हुनुहुन्छ?

अब जानुहोस्, तपाईलाई इच्छा लागेको सबै खानुहोस्...तब तपाई, सबै ठिक हुनेछ।

अब, तपाई संसारलाई एउटा प्रहार र पक्षघात दिने अपेक्षा गर्नुहुन्छ; त्यसले तपाईलाई प्रहार दिन्छ र तपाईलाई पक्षघात गराउछ। तर, स्वर्गको परमेश्वर जसले संसारबाट आफ्नो प्रहार पापको क्षमादान दिनको निम्ति लिनुहुन्छ, त्यहि उहि नाउले, तपाईको पापको क्षमा दिनसक्छ, तपाईबाट प्रहार निकाल्नुहुन्छ, र तपाईलाई निको पार्नुहुन्छ।

विश्वास गर्नुहुन्छ कि उहाले त्यो मुटुको ढुकढुकी ठिक पार्न सक्नुहुन्छ भनि? तपाईले त्यो गर्नुहुन्छ, तपाई निको हुनुहुनेछ...?...

214 प्रभु येशू, यस गरिब स्त्री बाकि रहेको जीवनभर यो मेचमा बसिनै राख्नुपर्नेछ र तब, त्यसलाई निकालिदिएको छ। तर हामी माग्दैछौ कि यो शैतानको शक्ति उनीबाट निकालिएको होस्। हुनसकोस् कि उनी बचेको होस् र हिडेको होस् र उनी पहिलेको जस्तै सामान्य अवस्थामा भएको होस्। हामी माग्दछौ येशूको नाउमा। आमेन।

215 तपाई विश्वास गर्नुहुन्छ? यो सिद्धिसकेको कार्य हो, गरिसकेको काम हो। कस्तो कुरा हो यो? भय रहित...? क्यान्सरबाट एकपटक निको पारिएको थियो...?...आफैलाई खुकुलो छोड्नुहोस्, येशूलाई सबै कुरा दिनुहोस्।

216 प्रभु येशू, म यस स्त्रीमाथि हात राख्दछु र उनको बिमारीलाई हप्काउदछु। म जान्दछु उनी इसाई हुन्, आत्मामा भई जन्मेकी हुन्। उनीबाट त्यसलाई निकाल्नुहोस्, येशू ख्रीष्टको अद्भूत नाउमा माग्दछु। आमेन।

217 प्रभु परमेश्वर, उनको अमूल्य भाईको निम्ति, म येशूको नाउको उनको मुक्तिको निम्ति माग्दछु। त्यसमा खडा हुनुहोस्। आमेन। यस्तै नै होस्।

218 के तपाई आफ्नो चंगाई प्राप्त गर्न चाहनुहुन्छ, छोरा? ठिक छ, यो उहाको हातमा गएको छ।

219 प्रभु येशू, यस जवान यूवा माथि, कसले भन्नुभयो, तपाईबाट, उहाले आफ्नो चंगाई प्राप्तिको प्रार्थना गर्नुहुन्छ। जसरी तपाईको दास, म मेरो हात उहा माथी येशू ख्रीष्टको नाउमा राख्दछु...?...आमेन।

अब, मात्र कोहि...?...अब, तपाई केवल उहाको नाउलाई पुकार्नुहोस्। अब, मलाई होइन...?...

220 पिता परमेश्वर, जसरी मात्र एउटा छोरा एकपटक आमाको छातीमा सुतेको थियो, उनले उसलाई ढाँडमा सुम्सुम्याएको र—र उसैसंग प्रार्थना गरेको र उनको सानो हात समाएको थियो जब उनी कू कू गर्ने बालक थियो। अब, शैतानले उनलाई एउटा मानसिक संस्थानमा राखिदिन्छ। परमेश्वर, उ जीवित परमेश्वरको पवित्र मण्डलीमा आउछ, एउटा मण्डली जो परमेश्वरको आत्माले जन्मेको छ, एउटा मण्डली जसभित्र परमेश्वरको आत्मा जिउदछ, र आफैलाई परिचित तुल्याउनु हुन्छ। र आज, प्रार्थनाद्वारा हामी यस स्त्रीलाई त्यस संस्थानबाट छुटकारा दिलाउछौ। येशू ख्रीष्टको पवित्र नाउमा हामी प्रार्थना गर्दछौ। आमेन।

घर जानुहोस्, तपाई ठिक हुनुहुन्छ।

धन्यवाद तपाईलाई आउनुभएकोमा, आफ्नो आमाको निम्ति माग्नुभएकोमा, यहि नै वास्तविक छोरा हो।

221 आजको दिन तपाईको छुट्काराको दिन हो। प्रभु येशू, यस जवान युवतीको निम्ति, उनको श्रीमानको मुक्ति र उनको घाटीको समस्याको छुटकाराको निम्ति, उनले येशू

ख्रीष्टको नाउमा प्राप्त गर्न सकेको होस्, जसले भन्नुहुन्छ, “आउ र अब विश्वास गर,” र यो सिद्धिएको परिणाम हो।

222 प्रभु, डाक्टरले भनिसकेको छ, प्रभु, यो उनको शरीरमा छ, उनको आँखामा आईरहेको छ। उनी यहा छुट्कारा पाउनको निम्ति पवित्र मण्डलीले प्रार्थना गर्दै गर्दा यहाँ माथि वेदिमा आएकी छिन्, म उनको छुटकाराको निम्ति माग्दछु येशू ख्रीष्टको नाउमा, यो विपत्तिले उनलाई छोड्नेछ। यो सिद्धिएको कार्य हो।

उहाको छोराको निम्ति, म यो रूमाललाई आशिष दिदछु। हुनसकोस् उसको सुनुवाई र कानको ठिक अवस्था फर्केर आउनसकेको होस्...?...

223 अब मण्डलीले बोल्नुहुन्छ; अब मण्डलीनै ख्रीष्टको रहस्यमय शरीर हो। हामीहरु सबै तपाईको निम्ति प्रार्थना गर्दैछौ। बुझ्नुभयो? हामी—हामी अब उप्रान्त यस संसारको भएको दाबि गर्दैनौ। हामी कहाँ जाने भनेर भौतारीने कुराको बारेमा बोल्दैनौ। हामीले बाटो फेला पारेका छौ। हामी त्यो तरिकामा जन्मिएका थियौ। हामी जीवित परमेश्वरको मण्डली हौ (यसको हिस्सा हौ); निश्चयनै, यो सारा संसार भरि छरिएर रहेको छ। तर यो तिनीहरुमध्येको समूह हो। आज, उहाको नाउमा हामी सबै संगै आउछौ। हामी त्यो गर्न आएका हौ जुन उहाले गर् भन्नुभएको छ। के उहाले प्रकट गर्न सक्नुहुन्न जब हामी एकजुट भई आउदछौ। बिरामीको निम्ति प्रार्थना गर्नुहोस्, तिनीहरु माथि हात राख्नुहोस्, “विश्वासको प्रार्थनाले बिरामीलाई बचाउदछ।”

224 तपाईको मुटुको समस्याले तपाईलाई छोडेको होस्। येशू ख्रीष्टको नाउमा, म परमेश्वरले दिनुभएको आज्ञामा आज्ञाकारी हुँदछु...?...

***त्यस दिन कलवरीमा*** NEP60-0925

(That Day On Calvary)

यो संदेश भाई विलियम म्यारियन ब्रन्हामद्वारा मूल रूपमा इंग्लिशमा आईतबार बिहान सेप्टेम्बर 25, 1960, ब्रन्हाम टेबरनेकल, जेफरसनविल, इंडियाना, यु.एस.ए मा प्रचार गरिएको थियो, जसलाई चुम्बकीय टेप रेकर्डिन्गद्वारा लिईएको छ र इंग्लिशमा विष्तृतमा छापिएको छ। यो नेपाली अनुवादलाई भोईस अफ गड रेकर्डिन्गको द्वारा छापिएको छ र वितरण गरिएको छ।

NEPALI

©2018 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.

For more information or for other available material, please contact:

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org